# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २७१ | काठमाडौं | शुक्रबार, १६ माघ २०८२ | Prabhab National Daily | Friday, 30 January 2026 | www.prabhabonline.com



मूल्य रू. ५।-

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

# जेन-जी विद्रोहमा फरार अभियुक्तको काठमाडौंमा 'रात्री आतंक'



- रास्वपा सभापति रवि लामिछानेलाई कारागारबाट छुटाइँदा फरार विनय तामाङले आपराधिक सञ्जाल निर्माण गरेर उपत्यकामा लुटपाटको शृङ्खला चलाएको प्रहरीको निष्कर्ष
- गोली चलाएर विनयसहित १० जना पक्राउ, गोली लागेका विनयको उपचार जारी
- दिउँसो कारमा चढेर रेकी र राति मोटरसाइकलमा चढेर लुटपाट
- गहना लगाएका, मजदुरलगायत निशानामा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जेन-जी विद्रोहको दोस्रो दिन २४ भदौमा रास्वपा सभापति रवि लामिछानेलाई कारागारबाट उनकै पार्टीका नेता र समर्थकहरूले निकालेपछि त्यही मौकामा फरार एक अभियुक्तले संगठित गिरोह खडा गरी शृंखलाबद्ध लुटपाट मच्चाएको सनसनीपूर्ण खुलासा भएको छ।

९ घण्टा लामो विशेष अपरेसनपछि जिल्ला प्रहरी परिसर काठमाडौंले १० जनालाई पक्राउ गरेसँगै उपत्यकामा केही समयदेखि फैलिएको 'रात्री आतंक'को रहस्य खुलेको हो।

यो गिरोहका मुख्य योजनाकार काभ्रेको भुम्लु गाउँपालिका-३ घर भएका २३ वर्षीय विनय तामाङ हुन्। डाँका चोरी मुद्दामा प्रहरी वृत्त महाराजगञ्जको हिरासतमा रहँदा जेन-जी विद्रोहको मौकामा फरार भएका विनयले लुकिछिपी बस्ने बाटो रोजेनन्, बरु संगठित अपराधको नयाँ संरचना नै खडा गरे।



जेन-जी आन्दोलनको अव्यवस्थालाई प्रयोग गर्दै विनयले समूह खडा गरेका हुन्। उनकै योजनामा उपत्यकाका विभिन्न ठाउँमा शृंखलाबद्ध लुटपाट भएको देखिन्छ।

■ **रमेश थापा**
**एसएसपी**
**काठमाडौं प्रहरी परिसर**

काठमाडौं प्रहरीका प्रमुख एसएसपी रमेश थापाका अनुसार विनय फरार भएलगत्तै उनले आफ्नो पुरानो सम्पर्क सञ्जाल सक्रिय पारे। ट्याक्सी चालक, सुनचाँदी कालिगढ र चोरीको सामान किनबेचमा संलग्न व्यक्तिहरूलाई एउटै डोरीमा बाँध्दै उनले १० जनाको समूह खडा गरे। त्यसो गर्नुको एउटै उद्देश्य थियो- उपत्यकामा सुन, नगद र मोबाइललक्षित लुटपाट। परिसरका एसएसपी थापाले बिहीबार दिउँसो पत्रकार सम्मेलन गरी भने, 'जेन-जी आन्दोलनको अव्यवस्थालाई प्रयोग गर्दै विनयले समूह खडा गरेका हुन्। उनकै योजनामा उपत्यकाका विभिन्न ठाउँमा शृंखलाबद्ध लुटपाट भएको देखिन्छ।'

प्रहरीको प्रारम्भिक अनुसन्धानको तथ्य अनुसार गिरोहको कार्यशैली सुनियोजित थियो। दिउँसो कार र ट्याक्सी चढेर उनीहरू सम्भावित लक्ष्यको रेकी गर्थे। बजार, साँघुरा गल्ली, सुनका गहना लगाएर हिँड्ने महिला, राति काम सकेर फर्कने मजदुर र एक्लै हिँड्ने सर्वसाधारण उनीहरूको निशानामा पर्थे।

क्रमशः पृष्ठ २ मा

नुवाकोट- १ को चुनावी सरगर्मी

# ह्याट्रिकको दाउमा हितबहादुर, तगारो बन्दै प्रकाशशरण

- नेकपा उम्मेदवार तथा पूर्वमन्त्री हितबहादुर तामाङ तेस्रोपटक जितको खोजीमा
- काठमाडौंबाट फर्किएका कांग्रेस उम्मेदवार डा. प्रकाशशरण महत पहिलोपटक गृहजिल्लामा चुनाव लड्दै
- एमालेका बद्री मैनाली र रास्वपाका डा. विक्रम तिमिल्सिना पनि प्रतिस्पर्धामा



डा. प्रकाश शरण महत



हितबाहादुर तामाङ



बद्री मैनाली



बिक्रम तिमल्सिना

■ **जेबी योञ्जन**

**काठमाडौं**, नुवाकोट क्षेत्र नम्बर १ बाट लगातार तेस्रोपटक प्रतिनिधिसभा सदस्य बन्ने लक्ष्यसहित नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का उम्मेदवार हितबहादुर तामाङ चुनावी मैदानमा छन्। अघिल्ला दुई निर्वाचनमा फरक-फरक गठबन्धनको समर्थनमा विजयी भएका तामाङ यसपटक भने कुनै ठूलो दलको औपचारिक साथ बिनै आफ्नै बलबुतामा चुनाव जित्ने प्रयासमा छन्।

२०७४ सालको निर्वाचनमा वाम गठबन्धन र २०७९ मा कांग्रेससँगको तालमेलमा तत्कालीन नेकपा माओवादीबाट उम्मेदवार बनेका तामाङ दुवैपटक संसद् पुगेका थिए। तर, यो पटक एमाले र कांग्रेस दुवैको साथ नपाउँदा उनको चुनावी यात्रा चुनौतीपूर्ण देखिएको छ। देशभर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को बढ्दो प्रभावका कारण नुवाकोट-१ मा तेस्रो शक्तिको मतले नतिजा निर्धारण गर्ने विश्लेषण भइरहेको छ।

तामाङ भने आफू जनताको असली प्रतिनिधि भएको दाबी गर्दै फेरि पनि विजयी हुनेमा ढुक्क छन्। 'हामीले विगतमा जनताले नदेखेका काम गरेका छौं। मत लिएर गएपछि जनताको शिर निहुरिने कुनै गलत काम गरेका छैनौं,' तामाङ भन्छन्, 'स्थानीयको सुख-दुःखमा निरन्तर जोडिएको छु। मतदातासँगको संवादले पनि यो पटक जित सुनिश्चित भएको विश्वास दिलाएको छ।'

नुवाकोट-१ का सात पालिकामध्ये तीन पालिकामा अध्यक्ष, उपाध्यक्षसहित बहुमत जनप्रतिनिधि आफ्नो पक्षमा रहेको उल्लेख गर्दै उनले संगठनात्मक आधार मजबुत रहेको बताए। ककनी, पञ्चकन्या र दुप्चेश्वर गाउँपालिकामा नेकपाको जितले आत्मविश्वास बढाएको उनको भनाइ छ। यस निर्वाचनमा नेपाली कांग्रेसले काठमाडौंबाट डा. प्रकाशशरण महतलाई गृह जिल्ला नुवाकोट फर्काएको छ। डा. महत काठमाडौं-४ बाट २०७४ मा उम्मेदवार थिए। त्यसबेला उनी पराजित भए। २०७९ मा उनी समानुपातिक सांसद भए। डा. महतलाई कांग्रेसमा निर्वाचन जित्न नसक्ने नेताको रूपमा लिइन्छ। उनी जतिपटक संसद् पुगे, समानुपातिकबाट मात्रै हो।

यसपटक उनको नाम काठमाडौं-५ बाट पनि उम्मेदवारको रूपमा सिफारिस भएको थियो। तर, उनी गृहजिल्ला नुवाकोट फर्किएका हुन्।

हामीले विगतमा जनताले नदेखेका काम गरेका छौं। मत लिएर गएपछि जनताको शिर निहुरिने कुनै गलत काम गरेका छैनौं। स्थानीयको सुख-दुःखमा निरन्तर जोडिएको छु। मतदातासँगको संवादले पनि यो पटक जित सुनिश्चित भएको विश्वास दिलाएको छ।

■ **हितबहादुर तामाङ**
**उम्मेदवार, नेकपा**

मलाई यसअघि नै आफ्नो जन्मथलोबाट चुनाव लड्ने मन थियो, के के मिलेको थिएन, यसपटक जुर्‍यो र म त्यहाँको जनादेश लिएर संसद् आउँछु।

■ **डा. प्रकाशशरण महत**
**उम्मेदवार, नेपाली कांग्रेस**

उनको चुनावी भिडन्त नेकपाका पूर्वमन्त्रीसमेत रहेका हितबहादुरसँग हुने भएको हो। तामाङले २०७४ मा डा. प्रकाशशरण महतकै दाजु डा. रामशरण महतलाई पराजित गरेका थिए। त्यसअघि पहिलो र दोस्रो संविधानसभामा पनि रामशरणसँगै तामाङले पराजय बेहोरेका थिए। यसपटक भने भाइ प्रकाशशरणले तामाङसँग प्रतिस्पर्धा गर्ने भएका हुन्।

'मलाई यसअघि नै आफ्नो जन्मथलोबाट चुनाव लड्ने मन थियो, के के मिलेको थिएन, यसपटक जुर्‍यो र म त्यहाँको जनादेश लिएर संसद् आउँछु,' उनले प्रभावसँग भने। नेकपा एमालेले तामाङसँग अघिल्लोपटक (२०७९) मै प्रतिस्पर्धा गरेका नेता बद्री मैनालीलाई उम्मेदवार बनाएको छ। मैनाली तामाङसँग झिनो मतान्तरले पराजित भएका थिए। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले डा. विक्रम तिमिल्सिनालाई मैदानमा उतारेको छ।

डा. तिमिल्सिना भन्छन्, 'अहिलेको राजनीतिले देशलाई अघि बढाउन सकेन भनेर आम असन्तुष्टि छ। देशको राजनीतिलाई सङ्ल्याउन, बदल्न र सही बाटो हिँडाउन लागेको छु। जिल्ला र उम्मेदवारको कुरा होइन, देशभर महाअभियान सुरु भएको छ।'

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# रोजगारदाता परिवर्तन गर्ने नियममा कोरियाका आधा कम्पनीको समर्थन

- एसएमइको अध्ययनका अनुसार ५१.३ प्रतिशत रोजगारदाताले ईं-९ भिजामा आएका विदेशी कामदारले प्रारम्भिक प्रतिबन्ध अवधि एक वा दुई वर्ष पूरा भएपछि कार्यस्थल परिवर्तन गर्न पाउनु उचित हुने बताएका छन्
- हालको नियमअनुसार ई-९ भिसामा कोरिया पुग्नेहरूले पहिलो तीन वर्ष काम गरिसकेपछि मात्र रोजगार परिवर्तन गर्न सक्छन्। यस्तो सुविधा अन्यायपूर्ण व्यवहार, सम्झौता समाप्ति, श्रम कानून उल्लंघन लगायतका विषयमा स्थानान्तरणको लागि बलियो आधार प्रस्तुत नगरेसम्म प्रयोग गर्न पाइँदैन

■ **ममता थापा**

**काठमाडौं–** दक्षिण कोरियाका विदेशी कामदार आपूर्ति गर्ने करिब आधा साना र मध्य स्तरका कम्पनीले रोजगारदाता परिवर्तन गर्ने नियमको समर्थन गरेका छन्। कोरिया एसएमइ संघले बुधबार प्रकाशित गरेको सर्वेक्षणमा रोजगार अनुमति प्रणाली (ईपिएस) अन्तर्गत आएकाको काम परिवर्तन गर्ने नियमको पक्षमा आधाभन्दा बढी कम्पनी रहेको देखिएको छ।



एसएमई, कोरियाका साना व्यवसायलाई समर्थन गर्ने संगठन हो। एसएमइको अध्ययनका अनुसार ५१.३ प्रतिशत रोजगारदाताले ई-९ भिजामा आएका विदेशी कामदारले प्रारम्भिक प्रतिबन्ध अवधि एक वा दुई वर्ष पूरा भएपछि कार्यस्थल परिवर्तन गर्न पाउनु उचित हुने बताएका छन्। ४८.७ प्रतिशत रोजगारदाताले भने वर्तमान नियम कायम राख्नुपर्ने कुरामा जोड दिएका छन्। धेरैजसो कम्पनीले यो नियमले पहिले नै कमजोर रहेको श्रम आपूर्तिमा पार्ने प्रभावबारे सतर्क हुनुपर्ने बताएको उल्लेख गरिएको छ।

हालको नियमअनुसार ई-९ भिसामा कोरिया पुग्नेहरूले पहिलो तीन वर्ष काम गरिसकेपछि मात्र रोजगार परिवर्तन गर्न सक्छन्। यस्तो सुविधा अन्यायपूर्ण व्यवहार, सम्झौता समाप्ति, श्रम कानून उल्लंघन लगायतका विषयमा स्थानान्तरणको लागि बलियो आधार प्रस्तुत नगरेसम्म प्रयोग गर्न पाइँदैन।

संघले विदेशी कामदार भित्र्याउने ३१० व्यवसायमा सर्वेक्षण गरेको जनाएको छ। यति बेला कोरियाको श्रम तथा रोजगार मन्त्रालयले प्रणालीको परिमार्जनबारे समीक्षा गरिरहेको छ। श्रम अधिकारकर्मीले विद्यमान नियमले आप्रवासी कामदारको गतिशीलता धेरै सीमित गर्ने भन्दै जुनसुकै हालतमा परिमार्जन हुनुपर्नेमा अडानमा छन्। नियमले कामदारलाई एउटै रोजगारदातामा अत्यधिक निर्भर बनाउने दाबी गर्दै आएका छन्।

उक्त सर्वेक्षणमा रोजगारदातामाझ कामदारको स्थानान्तरण आवश्यक रहेछ भन्ने बुझाइको विकसित हुन थालेको पाइएको उल्लेख गरिएको छ। यसप्रति उनीहरूको चासो पनि बढेको बताएको छ। सर्वेक्षण गरिएका कम्पनीमध्ये करिब तीन-चौथाईले कामदारले रोजगारी परिवर्तन गर्ने अनुमति मागेको बताएका थिए। कामदारका अनुरोधमध्ये ७० प्रतिशतभन्दा बढी पहिलो वर्षमा नै आएको जनाइएको छ। पहिलो तीन महिनाभित्रै रोजगारी परिवर्तन गर्न खोज्ने कामदार एक तिहाइ रहेको र यस्ता कामदार ग्रामीण भेगका बढी रहेको जनाइएको छ।

क्रमशः पृष्ठ २ मा

# नजिकिँदै ओली-दाहाल

- कांग्रेससँग मिल्दा ओलीसँग पानी बाराबारको अवस्थामा रहेको दाहालले पछिल्लो दिन गठबन्धनका लागि प्रस्ताव अघि बढाएको बताइएको छ।
- निर्वाचनमा एमाले र नेकपाबीच ६०-४० प्रतिशतको अनुपातमा गठबन्धन गर्ने गरी छलफल अघि बढाइएको एमालेका एक नेताले बताए।
- विशेष महाधिवेशनअघि एमाले र नेकपा दुबै दलले कांग्रेससँग तालमेल गर्ने विषयमा छलफल अघि बढाएका थिए। कांग्रेस भने एक्लै निर्वाचन लड्ने उद्घोषका साथ अघि बढिसकेको छ।



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रतिनिधि सभाको निर्वाचन नजिकिएसँगै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल नजिकिन थालेका छन्। फागुन २१ गतेको निर्वाचनमा लोकतान्त्रिक धारका दुई दल नेपाली कांग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टीको पक्षमा जनाधार बढ्दै गएको देखिएसँगै ओली र दाहालबीच छलफल बाक्लिन थालेको बताइएको छ।

जेन-जी विद्रोहअघि एमाले अध्यक्ष ओली कांग्रेसको सहयोगमा सरकारको नेतृत्व गरिरहेका थिए। यता नेकपाका संयोजक दाहाल भने प्रतिपक्षी नेताको भूमिकामा थिए। कांग्रेससँग मिल्दा ओलीसँग पानी बाराबारको अवस्थामा रहेको दाहालले पछिल्लो दिन गठबन्धनका लागि प्रस्ताव अघि बढाएको बताइएको छ। निर्वाचनमा कांग्रेस र रास्वपाको रुझान देखिएसँगै दुई नेताबीच निर्वाचनमा गठबन्धन गर्नेसम्मको विषयमा छलफल चल्न थालेको नेताहरू बताउँछन्। 'अहिले अध्यक्ष ओली र दाहालबीच निर्वाचनमा एक भएर जाने भन्ने विषयमा छलफल चल्न थालेको छ। कांग्रेस र रास्वपाको पक्षमा ह्विम बढेसँगै दुई नेताबीच गोप्य भेटवार्ता शुरु भएको हो,' नेकपाका एक नेताले भने।

नेकपा अहिले तारा चिन्ह लिएर निर्वाचनमा उत्रिएको छ। अघिल्लो निर्वाचनमा कांग्रेससँग गठबन्धन गरेका दाहाल यसपटक कुनै दलसँग तालमेल गरी जाने तयारीमा थिए। यद्यपि प्रत्येक दल निर्वाचनमा एक्लाएक्लै जाने भएसँगै सबै क्षेत्रमा नेकपाले पनि उम्मेदवार उठाएको छ। जेन-जी विद्रोहपछि एमाले अध्यक्ष ओलीले महाधिवेशन गराएर पार्टी अद्यावधिक गराए पनि उनीमाथि प्रश्न भने बाँकी नै छ। भदौ २३ र २४ गते भएको जेन-जी विद्रोहको छानबिनका लागि गठन भएको गौरीबहादुर कार्कीको आयोगले प्रतिवेदन ल्याएको छैन। उक्त प्रतिवेदनमा ओलीलाई मुख्य दोषी किटान गर्ने तयारी भएको बताइएको छ।

क्रमशः पृष्ठ २ मा



**विद्युत् प्रसारण लाइनको सब-स्टेसन**

**सुर्खेतको वीरेन्द्रनगर नगरपालिका–११ सुब्बाकुनामा रहेको कोहलपुर–सुर्खेत १३२ केभी विद्युत् प्रसारण लाइनको सब–स्टेसन । झण्डै ६ वर्ष अघि सुरु भएको कोहलपुर–सुर्खेत १३२ केभी प्रसारण लाइन आयोजनाले पूर्णता पाएको छ । बाँके र बर्दिया राष्ट्रिय निकुञ्जको रुख कटान तथा स्थानीयको अवरोध छिचोल्दै आयोजनाले भोली देखि प्रसारण लाइनमा विद्युत् प्रवाह (चार्ज) गर्ने तयारी गरेको छ ।** *तस्बिर: सुरेश आचार्य/रासस*

# चितवनको गहुँमा नयाँ रोग

**चितवन–** जिल्लामा लगाइएको गहुँमा नयाँ रोग देखिएको छ । जरामा लाही (कीरा) र पातमा ढुसी लागे जस्तो समस्या अहिले यहाँ लगाइएको गहुँमा देखिएको छ । भरतपुर महानगरपालिकाका किसानले लगाएको गहुँमा यो समस्या देखिएको हो ।

कृषि विकास कार्यालयका अनुसार तराई क्षेत्रमा देखिँदै आएको यस रोगको सङ्क्रमण अहिले चितवनमा पनि देखिएको हो । कार्यालयकी सूचना अधिकारी विन्दु पौडेलका अनुसार अहिले किसानले गहुँको पात पहेँलो भएको र जरामा कीराले खाएको जस्तो समस्या लिएर आएका छन् ।

अहिले रोग के हो भन्ने पुष्टि हुन नसकेको पौडलले बताइन् । 'किसान समस्या लिएर कार्यालय आएका छन्, हामी फिल्डमा गएर अध्ययन गर्ने क्रममा छौँ, अध्ययनपछि मात्रै कुन रोग हो भन्ने पुष्टि गर्न सकिन्छ,' पौडेलले भने । राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम रामपुरकी वैज्ञानीक सरस्वती न्यौपाने अहिले नै कुन रोग हो भनेर भन्न सकिने अवस्था नरहेको बताउँछिन् ।

विषयगत रूपमा अध्ययनको काम नगरी यही रोग भनेर भन्न सक्ने अवस्था नरहेको न्यौपानेले बताइन् । परीक्षणका लागि नमूना सङ्कलन गर्ने काम भइरहेको उनले बताइन् । जिल्लामा चार हजार ७११ हेक्टर क्षेत्रफलमा गहुँखेती हुँदै आएको छ ।

गत वर्ष सो क्षेत्रफलमा १५ हजार ५७७ मेट्रिकटन गहुँ उत्पादन भएको कृषि विकास कार्यालयको तथ्याङ्कमा उल्लेख छ । यसवर्ष गहुँ लगाउने ठाउँमा राज्माखेती पनि गरिएको पाइएकाले केही क्षेत्रफल घट्ने अनुमान गरिएको पौडेलले जनाए । *रासस*

# फागुनको बृहत् स्वास्थ्य शिविर चैतमा सारियो



**खोटाङ–** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन आचारसंहिताका कारण दिक्तेलमा तय भएको बृहत् स्वास्थ्य शिविरको मिति सारिएको छ ।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले आगामी फागुन ८ र ९ गते दिक्तेल बजारमा आयोजना गर्न लागेको बृहत् स्वास्थ्य शिविर निर्वाचन आचारसंहिताका कारण चैत पहिलो हप्ताका लागि सारेको हो । आगामी फागुन २१ गते तोकिएको प्रतिनिधिसभा सदस्य निर्वाचनको अचारसंहितालाई ध्यानमा राख्दै शिविरको मिति सार्नु परेको नगर प्रमुख तीर्थराज भट्टराईले बताए ।

'बृहत् स्वास्थ्य शिविरका लागि आवश्यक तयारी सुरु गरेका थियौँ, निर्वाचन आचारसंहिता लागू भएकाले ओम अस्पतालका चिकित्सक तथा सरोकारवालासँगको छलफलपछि शिविरको मिति सारिएको हो', भट्टराईले भने, 'नेपाल सरकारले तोकेको निर्वाचन सफल बनाउन हामी सबैको उत्तिकै दायित्व छ, निर्वाचन आचारसंहिताका कारण स्थगित गरिएको शिविर चैत पहिलो हप्ता गर्ने सहमति भएको छ ।'

नगरपालिकाले नागरिकको स्वास्थ्य समस्यालाई प्राथमिकताामा राख्दै ओम अस्पताल काठमाडौँको प्राविधिक सहयोगमा निःशुल्क शिविरको आयोजना गरेको थियो । शिविरमा मानसिक रोग, जनरल फिजिसियन, मुटु, मिर्गौला, स्त्रीरोग, दाँत, नसा, छाला तथा हाडजोर्नीसम्बन्धी सेवा, इसिजी, एक्स-रे, भिडियो एक्स-रे, ल्याब टेस्ट र निःशुल्क औषधिसमेत वितरण गर्ने तयारी गरिएको थियो ।

दिक्तेल बजारस्थित जिल्ला आयुर्वेद अस्पतालमा सञ्चालन गरिने निःशुल्क स्वास्थ्य शिविरसम्बन्धी सहमतिपत्रमा नगर प्रमुख भट्टराई, ओम हस्पिटलका सञ्चालक समितिका अध्यक्ष डा आनन्दप्रसाद श्रेष्ठ र सञ्चालक टङ्क श्रेष्ठले हस्ताक्षर गरेका छन् । दुईदिने स्वास्थ्य शिविरमा अस्पतालबाट वरिष्ठ विशेषज्ञ डा आनन्दप्रसाद श्रेष्ठसहितका स्वास्थ्यकर्मी आउने सहमति भएको छ ।

प्रतिनिधिसभा सदस्यको निर्वाचन मिति नजिकिएसँगै जिल्लामा चुनावी माहोल तातिएको छ । राजनीतिक दल तथा उम्मेदवार आफ्नो पक्षमा जित सुनिश्चित गर्नका लागि मतदाता रिझाउन घरदैलो अभियानमा जुटेका छन् । निर्वाचन आचारसंहिता उल्लङ्घन भए/नभएको अनुगमन गर्न दुई जना अनुगमन अधिकृतसमेत तोकिएको छ । उम्मेदवार तथा राजनीतिक दलले आचारसंहिता पालना गरे/नगरेको अनुगमन तथा कारबाही गर्न सहायक प्रमुख जिल्ला अधिकारी कोपिला राई र कोष नियन्त्रक रोमा पाण्डेलाई अनुगमन अधिकृत तोकिएको हो ।

प्रतिनिधिसभातर्फ एउटामात्र निर्वाचन क्षेत्र रहेको जिल्लाबाट दुई स्वतन्त्रसहित १५ उम्मेदवारले चुनावी प्रतिस्पर्धा गर्ने भएका छन् । चुनावी मैदानमा उत्रिएका उम्मेदवारहरू आ-आफ्नै एजेन्डा लिएर जनताको घरदैलोमा पुगिरहेका छन् । आगामी निर्वाचनका १३६ मतदानस्थल तथा १९५ मतदान केन्द्र निर्धारण गरिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । आउँदो निर्वाचनका लागि खोटाङमा एक लाख ४७ हजार १२० जना मतदाता रहेका छन् । *रासस*

# ७८ वर्षमा नागरिकता पाएकी कपलेश्वरीले भन्छिन्,'अब ढुक्कले मर्छु'



**■ सुदिप राउत**

**सिरहा–** अठहत्तर वर्षको उमेर, चाउरिएका गाला र थकित अनुहार । बुढेसकालमा नागरिकताको लागि कपलेश्वरी यादवको पछिल्लो आठ वर्ष वडा कार्यालय र जिल्ला प्रशासनको कार्यालय धाउँदै बित्यो ।

स्थानीयवासीहरू भन्दथे, 'अब यो उमेरमा के नागरिकता बनाउँछौं आमा ?' तर, यादवलाई 'अनागरिक' भएर मर्ने इच्छा थिएन । बुधबार जब सिरहाको जिल्ला प्रशासन कार्यालयबाट उनले आफ्नो नागरिकताको प्रमाणपत्र प्राप्त गरिन्, उनका आँखा रसाए । हर्ष र बेदना एकैपटक छचल्कियो । यो केवल एउटा कागजको पाना थिएन, उनको आठ वर्षको सङ्घर्ष र तिरस्कारपछिको विजय थियो ।

औरही गाउँपालिका–३ पिपरामा जन्मिएकी यादवले २०२३ सालमा नवराजपुर-४ का बौवेलाल यादवको कान्छी श्रीमतीका रूपमा भित्रिएकी थिइन् । जेठी श्रीमतीका चार छोरी भए पनि कपलेश्वरीका आफ्नै सन्तान भएनन् । २०३१ सालमा श्रीमान्को निधन भएपछि उनी सहाराविहीन बनिन् ।

आफ्ना नातेदार र माइतीतर्फका दाजुभाइ सबैको वंशजको नागरिकता भए पनि कपलेश्वरी भने नागरिकताको मूल ढोकामै रोकिएको थियो । श्रीमान्को मृत्युपछि अंशका लागि उनले अदालतमा 'हक कायम' मुद्दा लडेर जितिन् । अंश मुद्दा जितेर साढे ११ धुर जग्गा त पाइन्, तर त्यही जग्गाको लालपुर्जा र आफन्तका सबै प्रमाण हुँदाहुँदै पनि उनले नागरिकता पाउन सकिनन् ।

माइतीले दिएको छ क√ा जग्गा पनि उनकै नाममा थियो । तर, विडम्बना ! नागरिकता नहुँदा न उनले त्यो जग्गा बेच्न पाइन्, न आफूलाई बुढेसकालमा पाल्ने नातिको नाममा नामसारी गर्न नै सकिन् । उनको बाटोमा तगारो बनेका थिए, गाउँकै जनप्रतिनिधि । विभिन्न कारणले वडा कार्यालयले सिफारिस दिन पटक-पटक इन्कार गरिरह्यो । उनीमाथि 'स्थानीय बासिन्दा नै नभएको' झुटो मुद्दासमेत हालियो । 'आफ्नै गाउँमा पराई जस्तो हुनुपर्दाको पीडा सुनाउने ठाउँ कतै थिएन,' ती दिन सम्झदै उनका नाति रामपरीक्षण यादव भन्छन् ।

कपलेश्वरीका आफूपट्टिका न त सन्तान छन्, न सहारा दिने श्रीमान् । बुढेसकालले छोप्दै ल्याएपछि उनलाई एउटै चिन्ता थियो, अब बाँकी जीवन कसरी काट्ने ? सरकारले दिने सामाजिक सुरक्षा भत्ता (वृद्ध भत्ता) पाउन पनि नागरिकता अनिवार्य थियो । तर, वडाको दैलोबाट रित्तो हात फर्किंदा उनी धेरै पटक रोएकी थिइन् । सञ्चारमाध्यममा नागरिकता प्राप्तिको लागि उनले गरेको सङ्घर्षको कथा आएपछि र गाउँपालिका अध्यक्ष शिवउद्गार यादवले विशेष पहल गरेपछि आठ वर्षपछि मात्र उनको प्रशासनिक उल्झन सुल्झियो । अदालतको ढोका र प्रशासनको चक्कर सकिएपछि बल्ल उनले राज्यको नागरिक हुनुको गौरव महसुस गरिन् ।

आफ्नी हजुरआमाको हकका लागि वडादेखि अदालतसम्म धाउने नाति रामपरीक्षण यादव अहिले निकै खुसी छन् । 'हजुरआमाले यो उमेरमा आएर न्याय पाउनुभयो, यसैमा म धेरै खुसी छु । नागरिकता नहुँदा उहाँले आफ्नो जग्गा जमिनको उपभोग गर्न पाउनुभएको थिएन र वृद्ध भत्ताबाट पनि वञ्चित हुनुहुन्थ्यो,' यादवले भने । यो यादव परिवारको लागि ठुलो जित भएको कपलेश्वरी बताउँछिन् । 'यो हाम्रो परिवारका लागि ठूलो जित हो,' नागरिकता सुम्सुम्याउँदै कपलेश्वरीले भावुक हुँदै भनिन्, 'छोराछोरी छैनन्, सहारा दिने कोही थिएन । अब सरकारले दिने भत्ताले थोरै भए पनि ओखतीमुलो र खाने खर्च पुग्छ । कम्तीमा अब आफ्नै देशको नागरिक भएर ढुक्कले मर्न पाउने भएँ ।'

७८ वर्षको उमेरमा पाएको यो नागरिकताले कपलेश्वरीलाई केवल आर्थिक राहत मात्र होइन, एउटा परिचय र सम्मान पनि दिएको छ । आफ्नी हजुरआमाले आठ वर्ष भोग्नुपरेको सास्ती सम्झँदै नाति रामपरीक्षण राज्यसंयन्त्रलाई प्रश्न गर्छन्, 'हजुरआमा जस्ता धेरै वृद्धवृद्धा अझै पनि प्रशासनिक झमेलामा अल्झिरहेका छन्, सबै प्रमाण र अदालती फैसला हुँदाहुँदै पनि एउटा नागरिकले आफ्नो परिचय पाउन किन आठ वर्ष कुर्नुपर्छ ?' *रासस*


**Local Government**

**Indrawati Rural Municipality**

**Office of Rural Municipal Executive**

**Nawalpur, Sindhupalchok**

**Bagmati Province, Nepal**

**Intention to Award**

**Publish Date:- 2082/10/16**

1. Pursuant to sub clause 27.2 & 27.3 of Public Procurement Act 2063, this is notifying to all Bidders who submitted their bids for mentioned character as per the IFB Notice Published on National Daily Newspaper that the following mentioned bidders are lowest evaluated substantial responsive bidder is intended to award the contract.

| S. N. | Contract No. | Name of Work | Name and Address of bidders | Bid Price NRS. (including VAT & PS) |
|---|---|---|---|---|
| 1 | IRMSI/ W1/NCB/ 082/083-20 | Finishing works at Nawalpur Mavi Bhawan and Thakan Samudayik Bhandar Kotha Nirman Tata Samraksan, Indrawati 4 | M/S Rastra Nirman Ra Suppliers Tatha Sar Safai Pvt. Ltd., Indrawati-7, Sindhupalchowk | 17,89,056.21 |
| 2 | IRMSI/ W1/NCB/ 082/083-21 | Construction of foottrail at Dadagaun Padamaruwa, Patigaun Devithan, Lamatol Mule , Indrawati-4, Sindhupalchowk | M/S Singhamati Construction and Suppliers, Indrawati-3, Sindhupalchowk | 15,87,130.20 |
| 3 | IRMSI/ W/NCB/ 082/083-29 | Construction Works of Jhayadi Guthi Lifting Irrigation & Kalikadevi Liftion Khanepani Project Indrawati-2, Sindhupalchowk | M/S RDR Construction and Suppliers Pvt. Ltd., Indrawati-4, Sindhupalchowk | 18,35,085.10 |
| 4 | IRMSI/ W/NCB/ 082/083-30 | Roadway Works at Majhtol Hospital Bagar Sadak, Neupanetar Bodgaun Sadak & Neupanutar Bagar Sadak Indrawati-11, Sindhupalchowk | M/S Rastra Nirman Ra Suppliers Tatha Sar Safai Pvt. Ltd., Indrawati-7, Sindhupalchowk | 20,30,781.28 |
| 5 | IRMSI/ W/NCB/ 082/083-31 | Construction of Serakhola Irrigation Canal Indrawati-9 & Neupanetar Irrigation Canal Indrawati-11, Sindhupalchowk | M/S Bikash and Bishishta Builders and Suppliers, Melamchi Sindhupalchowk | 13,13,395.84 |
| 6 | IRMSI/ W/NCB/ 082/083-32 | Construction Works Of Simpal Water Supply project Indrawati-1, Sindhupalchowk | M/S Bikash and Bishishta Builders and Suppliers, Melamchi Sindhupalchowk | 19,44,970.64 |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# हिमपात र चिसोमा सावधानी अपनाऔं

**हिमपात र वर्षासँगै देशभार चिसो बढेको छ । यसले जनजीवन प्रभावित हुन थालेका छन् । विशेषगरी हिमाली क्षेत्रमा हिमपातलले दैनिकी कष्टकर बनाएको छ । हिउँले सडक ठप्प हुँदा यातायात बन्द भएका छन् । यसले कतिपय ठाउँमा यात्रीहरू अलपत्र परेका छन् ।**

**चिसोबाट बच्न प्रायः विद्यालयहरू बन्द गरिएका छन् । विशेषगरी बालबालिका, वृद्धवृद्धा र बिरामी व्यक्तिहरूलाई हिउँ र चिसोको प्रभावबाट जोगाउनुपर्छ । हिमालमात्रै नभएर पहाड र तराई क्षेत्रका जनजीवन पनि चिसोले प्रभावित तुल्याएको छ ।**

**यहीबीच स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले हिमपातका कारण विभिन्न जोखिम निम्तन सक्ने भन्दै सावधानी अपनाउने सर्वसाधारणमा अनुरोध गरेको छ । मन्त्रालयले शरीरको सबै भाग ढाक्ने गरी बाक्लो र न्यानो लुगा लगाउन, सुत्दा न्यानो ओढ्ने प्रयोग गर्ने र टाउको एवं छाती अनिवार्य ढाक्न, बेलाबेला तातो पानी र पोषिलो तातो झोल पदार्थ प्रशस्त मात्रामा पिउन, बालबालिका, गर्भवती, सुत्केरी र ज्येष्ठ नागरिकको विशेष हेरचाह गर्न आग्रह गरेका छ । त्यसैगरी कोठा न्यानो पार्न आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाउनसमेत मन्त्रालयले आग्रह गरेको छ ।**

**जाडोयाम सुरु भएसँगै सामान्यभन्दा तापक्रम कम भएर विभिन्न क्षेत्रमा हुने शीतलहर, हुस्सु, कुहिरो र हिमपात जस्ताले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने तथा रुघाखोकी, ज्वरो, दम बढ्ने वा सास फेर्न गाह्रो हुने, हाइपोथर्मिया जस्ता लक्षण भएका बिरामीहरू बढ्ने गरेका छन् । चिसोका कारण देखिने समस्या रहिरहे वा बढेमा ढिला नगरी नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्न वा हेलो स्वास्थ्य कल सेन्टर ११११५ बाट परामर्श लिनसमेत अनुरोध गरिएको छ । जाडोयाममा बालबालिका, गर्भवती, वृद्धवृद्धा तथा दीर्घरोगी बढी जोखिम हुने गरेको देखिन्छ । पछिल्ला वर्षहरूमा जाडोयामसँगै बढ्ने वायु प्रदूषणले मुटु, फोक्सो, मस्तिष्कलगायत अंगमा गम्भीर असर पार्नाका साथै दम, क्यान्सरजस्ता दीर्घरोगको जोखिम र मृत्युदर बढाउने गरेको बताइन्छ ।**

**चिसोका कारण उत्पन्न हुने सक्ने लक्षण वा रोगलाई न्यून गर्न तथा लाग्न नदिन धुवाँधुलोबाट बच्ने, पोषणयुक्त सन्तुलित खाना खाने, न्यानो लुगा लगाउने गर्न मन्त्रालयले सुझाएको छ । यसैगरी भिटामिन सी पर्याप्त मात्रा भएका सुन्तला, कागती र अमला खाने, मौसमअनुसारको ताजा फलफूल तथा सागपात पर्याप्त मात्रामा खाने, सरसफाइमा ध्यान दिन आग्रह गरिएको छ । यी सुझावलाई सबैले पालना गर्नु नै बुद्धिमानी हुन्छ ।**

## श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

#### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी) मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# अपेक्षा र उपेक्षाको बीचमा मधेस



❑ राजेश विद्रोही

“ मधेस–पहाडबीचको मनोवैज्ञानिक विभाजन घटाउने उपाय राजनीतिभन्दा बढी मानवीय समझदारी, ऐतिहासिक चेतना र आपसी सम्मानमा निहित छ । वैदिककालदेखि आधुनिक राज्य निर्माणसम्म मधेसले दिएको योगदान कृषि, व्यापार, ज्ञान, संस्कृति र अर्थतन्त्रका हरेक तहमा स्पष्ट देखिन्छ तर ऐतिहासिक बुझाइको दूरी, राजनीतिक केन्द्रीकरण र भाषिक–सांस्कृतिक उपेक्षाले मधेसी समाजमा असमानताको अनुभूति गहिरिँदै गएको यथार्थलाई नकार्न सकिँदैन । अब आवश्यक कुरा मधेस–पहाडलाई अलग–अलग होइन, पूरक भूगोल र साझा पहिचानका रूपमा स्वीकार गर्दै सम्मान, संवाद र समावेशी नीतिमार्फत आपसी विश्वास सुदृढ गर्नु हो ।

मधेस नेपालको दक्षिणी भूभागमा फैलिएको समथर भूभाग हो । यसले भौगोलिक, ऐतिहासिक, सांस्कृतिक तथा आर्थिकरूपमा राष्ट्र निर्माणमा महत्त्वपूर्ण योगदान दिएको छ । हिमाल, पहाड र मधेसको संयोजनबाट बनेको नेपालको यो क्षेत्र प्राकृतिक उर्वरता, जनघनत्व र सांस्कृतिक विविधताका कारण सधैं चर्चामा रहँदै आएको छ । इतिहासदेखि वर्तमानसम्म मधेससँग राज्य, समाज र राष्ट्रप्रति धेरै अपेक्षा जोडिँदै आएका छन्, जसले यस क्षेत्रलाई बुझ्ने दृष्टिकोणलाई अझ गहिरो बनाएको छ ।

नेपालको इतिहास हेर्दा मधेस सधैं कृषि उत्पादन, व्यापार, व्यावसायिक गतिविधि, संस्कृति र ज्ञानको केन्द्रका रूपमा रहेको देखिन्छ । तर समयक्रमसँगै मधेस र पहाडबीचको बुझाइमा दूरी बढ्दै गएको अनुभूति गरिएको देखिन्छ । यस लेखको उद्देश्य कुनै राजनीतिक धार वा सम्प्रदायलाई अघि बढाउनु वा भड्काउनु होइन, बरु इतिहास, संस्कृति र आपसी सम्मानका आधारमा साझा राष्ट्रिय निर्माणप्रति साझेदारिता देखाउनु हो ।

## मधेस शब्दको ऐतिहासिक अर्थ र विकास

'मधेस' शब्द संस्कृतको मध्यदेशबाट विकसित भएको मानिन्छ । प्राचीन ग्रन्थहरूमा गंगा-यमुना क्षेत्र वरपरको भूभाग अर्थात् हिमाल र पहाडको दक्षिणतर्फ फैलिएको उर्वर समथर भूभागलाई मध्यदेश भनिन्थ्यो । यही शब्द बोलचालको समयक्रमसँगै भाषिक रूपान्तरण हुँदै 'मधेस'का रूपमा स्थापित भयो । लिच्छवी र मल्लकालका केही संस्कृत तथा नेपाली अभिलेखहरूमा 'मध्यदेश' वा त्यससँग सम्बन्धित उल्लेखहरू पाइन्छन् । तर आधुनिक अर्थमा नेपालको दक्षिणी तराई भूभागलाई औपचारिकरूपमा 'मधेस' भनेर चिनाउने चलन भने राणा शासनकालतिर मात्र विकसित भएको देखिन्छ ।

खासगरी १९औं-२०औं शताब्दीमा राणा शासनकालमा तराईलाई पहाडभन्दा अलग, सीमावर्ती र फरक सामाजिक क्षेत्रका रूपमा हेर्ने प्रशासनिक सोच बलियो बन्यो । यसरी भौगोलिक अर्थमा प्रयोग भएको शब्द पछि सामाजिक र सांस्कृतिक पहिचानसँग जोडिन पुग्यो । २००७ सालपछि नागरिकता, भाषा र समावेशीकरणका बहससँगै मधेस पहिचानको विषयका रूपमा स्थापित भयो । २०६३/६४ सालको मधेस आन्दोलनपछि 'मधेस' राष्ट्रिय राजनीतिक र सामाजिक विमर्शमा निर्णायकरूपमा प्रवेश गर्‍यो ।

## ऐतिहासिक र सांस्कृतिक योगदान

मधेसको इतिहास वैदिककालसम्म फैलिएको छ । वैदिककालमा विदेह वा मिथिला राज्य यही क्षेत्रमा अवस्थित थियो । राजा जनकको शासनकालमा दर्शन, शिक्षा र वैदिक चिन्तन उच्च उत्कर्षमा पुगेको देखिन्छ । सीता, याज्ञवल्क्यजस्ता ऐतिहासिक पात्रहरूले मधेसलाई धार्मिक, दार्शनिक र बौद्धिक चेतनाको केन्द्रका रूपमा स्थापित गरेका छन् । मिथिला संस्कृति, कला, साहित्य, लोक परम्परा र शास्त्रीय दर्शनको निरन्तर विकासले मधेसलाई दक्षिण एसियाकै एक महत्त्वपूर्ण सांस्कृतिक भूभागका रूपमा चिनाएको छ । मध्यकालमा कर्णाट र सेन वंश तथा आंशिकरूपमा मुगल प्रभावअन्तर्गत रहेको मधेस हिमाली भेग र गंगा मैदानबीचको महत्त्वपूर्ण व्यापारिक सेतुका रूपमा विकसित भयो । नुन, ऊन, अन्न, कपडा र हस्तकलाका सामग्रीको आदानप्रदानले मधेसलाई आर्थिकमात्र होइन, सामरिक, सामाजिक र सांस्कृतिक दृष्टिले पनि सबल बनायो । यस ऐतिहासिक प्रक्रियाले मधेसलाई नेपालको समग्र इतिहास र सभ्यताको अभिन्न अंगका रूपमा स्थापित गरेको छ ।

## सामाजिक, भाषिक र सांस्कृतिक विविधता

मधेस नेपालकै सबैभन्दा घना जनसंख्या भएको क्षेत्र हो । २०७८ सालको राष्ट्रिय जनगणनाअनुसार मधेस प्रदेशको जनसंख्या करिब ६१ लाख रहेको छ । यादव, कुर्मी, थारु, मुसहर, दुसाध, चमार, कोइरी, ब्राह्मण, राजपूतलगायत दर्जनौं जातीय समुदायहरूको सहअस्तित्वले मधेसलाई सामाजिकरूपमा अत्यन्त विविध बनाएको छ । धार्मिक दृष्टिले यहाँ मुख्यतः हिन्दू र मुस्लिम समुदायको बाहुल्य रहेको छ, जसले धार्मिक सहिष्णुता र सहअस्तित्वको लामो परम्परा विकास गरेको छ । भाषिकरूपमा मधेस बहुभाषिक समाज हो । मैथिली, भोजपुरी, अवधी, बज्जिका, थारु र उर्दू यहाँका प्रमुख मातृभाषाहरू हुन् । यी भाषाहरू केवल सञ्चारका साधनमात्र नभई मधेसी समाजको ऐतिहासिक स्मृति, सांस्कृतिक पहिचान र सामाजिक निरन्तरताका आधार हुन् तर लामो समयसम्म राज्य संरचनाभित्र यी भाषाहरूको औपचारिक मान्यता र प्रयोग सीमित रहँदा भाषिक असमानता र उपेक्षाको अनुभूति मधेसी समाजमा गहिरिँदै गएको देखिन्छ ।

सांस्कृतिक दृष्टिले छठ, समा-चकेवा, जुडशीतल, होली, ईद र मोहर्रमजस्ता पर्वहरूले मधेसको बहुसांस्कृतिक चरित्र र सामाजिक सहिष्णुतालाई प्रतिविम्बित गर्छन् । प्रकृतिप्रति सम्मान, पारिवारिक सम्बन्ध र सामुदायिक ऐक्यबद्धता यी पर्वहरूको साझा विशेषता हुन् । लोकगीत, लोकनृत्य र मौखिक परम्पराले पुस्तौंदेखि मधेसको सांस्कृतिक चेतनालाई जीवन्त राख्दै आएको छ । १८औं शताब्दीमा गोरखा राज्यद्वारा नेपाल एकीकरण भएपछि मधेसलाई प्रायः सुरक्षा दृष्टिले संवेदनशील क्षेत्रका रूपमा हेरिएको ऐतिहासिक अनुभूति पाइन्छ । यसले कतिपय समयमा मधेसलाई राज्यको अभिन्न अंगभन्दा परिधिमा राखिएको जस्तो अनुभूति उत्पन्न गराएको छ । यही पृष्ठभूमिमा मधेसको सामाजिक, भाषिक र सांस्कृतिक विविधतालाई सम्मान गर्दै समावेशी राष्ट्रिय दृष्टिकोण विकास गर्नु आजको साझा आवश्यकता हो ।

## मधेस–पहाड सम्बन्धः बुझाइको आवश्यकता

मधेसलाई प्रायः नेपालको अन्न भण्डार भनिन्छ । धान, गहुँ, मकै, उखु, तरकारी र तेलहन उत्पादनमा मधेसको योगदान उल्लेखनीय छ । साथै, उद्योग, व्यापार, भन्सार र राजस्व संकलनमा पनि मधेसको भूमिका महत्त्वपूर्ण छ । यति ठूलो योगदानका बाबजुद विकासका अवसर र पहुँच सबै क्षेत्रमा समान नभएको अनुभूति समाजमा देखिन्छ । यो अवस्था कुनै एक क्षेत्रको मात्र होइन, समग्र राष्ट्रकै साझा चुनौती हो । जसको समाधान समावेशी विकास र सन्तुलित नीतिमार्फत मात्र सम्भव छ ।

नेपाल राज्य निर्माणको क्रममा विभिन्न भूगोल र समाजबीच फरक-फरक अनुभवहरू छन् । कतिपय अवस्थामा यी फरक अनुभवहरूले गलत बुझाइ जन्माएका छन् । मधेस र पहाडलाई फरक-फरक होइन, पूरक भूगोल र संस्कृतिका रूपमा बुझ्न सकिएमात्र आपसी विश्वास बलियो हुन्छ । 'मधेसी', 'पहाडी', 'हिमाली'- यी सबै पहिचानहरू नेपाली राष्ट्रियताको साझा आधार हुन् । समस्या शब्दमा होइन, ती शब्द प्रयोग गर्दा अपनाइने दृष्टिकोणमा हुन्छ । सम्मान र समावेशी सोचले मात्र दूरी घटाउन सक्छ ।

संघीय संरचनाले स्थानीय पहिचान, भाषा र आवश्यकतालाई सम्मान गर्दै शासन प्रणालीलाई नागरिक नजिक लैजाने उद्देश्य राखेको छ । संघीयताको सफलताका लागि अधिकार, जिम्मेवारी र स्रोतको सन्तुलित प्रयोग आवश्यक छ । यसले मधेस, पहाड र हिमालबीच सहकार्य र विश्वास बढाउन सक्छ । संविधानले समावेशिता, मातृभाषा, समान अवसर र सामाजिक न्यायका आधारहरू स्थापित गरेको छ । अब चुनौती भनेको यी मूल्यहरूलाई व्यवहारमा उतार्नु हो ।

## अन्य देशका अनुभव र नेपालका लागि सन्देश

विश्वका धेरै देशहरूले विविधतालाई स्वीकार गरेर राष्ट्रिय एकता बलियो बनाएका छन् । जहाँ पहिचान दबाइयो, त्यहाँ द्वन्द्व बढ्यो, जहाँ संवाद र सम्मानलाई प्राथमिकता दिइयो, त्यहाँ समाज स्थिर रह्यो । नेपालका लागि पनि यही पाठ सान्दर्भिक हुनसक्छ । मधेस नेपालबाहिरको वा परिधिमा रहेको भूभाग होइन- यो नेपालको मुटु हो । मधेसलाई बुझ्नु भनेको नेपाललाई बुझ्नु हो । इतिहास, संस्कृति, श्रम र सहिष्णुताको साझा विरासतलाई सम्मान गर्दै अघि बढ्न सकेमात्र नेपाल साँचो अर्थमा समावेशी, सुदृढ र आत्मविश्वासी राष्ट्र बन्न सक्छ ।

यसर्थ मधेस-पहाडबीचको मनोवैज्ञानिक विभाजन घटाउने उपाय राजनीतिभन्दा बढी मानवीय समझदारी, ऐतिहासिक चेतना र आपसी सम्मानमा निहित छ । वैदिककालदेखि आधुनिक राज्य निर्माणसम्म मधेसले दिएको योगदान कृषि, व्यापार, ज्ञान, संस्कृति र अर्थतन्त्रका हरेक तहमा स्पष्ट देखिन्छ तर ऐतिहासिक बुझाइको दूरी, राजनीतिक केन्द्रीकरण र भाषिक-सांस्कृतिक उपेक्षाले मधेसी समाजमा असमानताको अनुभूति गहिरिँदै गएको यथार्थलाई नकार्न सकिँदैन । अब आवश्यक कुरा मधेस-पहाडलाई अलग-अलग होइन, पूरक भूगोल र साझा पहिचानका रूपमा स्वीकार गर्दै सम्मान, संवाद र समावेशी नीतिमार्फत आपसी विश्वास सुदृढ गर्नु हो । संघीय संरचना, संवैधानिक मूल्य र विविधताको सम्मानलाई व्यवहारमा उतार्न सके मधेस अपेक्षा र उपेक्षाको द्वन्द्वबाट बाहिर निस्केर समावेशी, न्यायपूर्ण र सशक्त नेपालको निर्माणमा केन्द्रीय भूमिकामा उभिन सक्छ । *रासस*

## पाठक मञ्च

# लोकप्रिय होइन, इमानदार रोजौं

भुक्तानी नपाएपछि अस्पतालहरूले धमाधम स्वास्थ्य बिमा सेवा बन्द गर्न थालेका छन् । कोरोना बिमा वा स्वास्थ्य बिमाबापत उपचार गराइएका अस्पतालले ४३ अर्ब भुक्तानी पाएका छैनन् । सरकारले यो भुक्तानी दिन नसकेपछि सरकारी होस् या निजी अस्पतालहरूले बिमा सेवा भटाभट बन्द गरिरहेका छन् । योसँगै निर्माण व्यवसायीको ४५ अर्ब भुक्तानी दिन सकिएको छैन ।

जसका कारण सरकारी भवन, सडक, पुल, विद्यालयहरू अलपत्र परेका छन् । दूध तथा उखु किसानको सात अर्ब बक्यौता छ । पैसा नभएपछि सरकारले उखु किसानको अनुदान कटौती गरिसकेको छ । सुशीला कार्कीले प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेको झण्डै पाँच महिना हुन लागेको छ । यसबीचमा उनले एक खर्ब ५५ अर्ब ३६ करोड वैदेशिक ऋण लिएकी छन् । योसँगै मुलुकको वैदेशिक ऋण २९ खर्ब ४२ अर्ब पुगेको छ ।

ऋण निरन्तर बढिरहेको छ, त्यो चाहे आन्तरिक होस् या वैदेशिक । राजस्व उठ्न छोडिसक्यो । सबैतिर मन्दी छाएको छ । बेरोजगारी बढ्दो छ । खान नपाएपछि आपराधिक घटनाहरू बढ्न थालेका छन् । देश झनै नाजुक अवस्थामा पुगेको छ । जेन-जी आन्दोलनपछि गठित कार्की सरकारले अर्थतन्त्र चलायमान बनाउने, मुलुकमा सुशासन बसाल्ने जनताको आशा थियो । विडम्बना, आशा निराशामै बदलिएको छ । उनी पनि पुरानै राजनीतिक दल र सरकारको बाटोमा हिँडेकी छन् । हप्तैपिच्छे वैदेशिक ऋण स्वीकृत गर्ने, कर्मचारीको सरुवा-बढुवामै उनी व्यस्त देखिन्छिन् । अर्कोतर्फ, सुशासन बसाल्न बसेको सरकार निरन्तर कुशासनको बाटोमा हिँडिरहेको छ । कहिले विध्वंशकारीलाई छोडिदिन्छ त कहिले सहकारी ठगलाई । यसले यो सरकारप्रति पनि जनआक्रोश बढ्दो छ । सरकारको काम देश र जनताको धनसम्पत्तिको सुरक्षा गर्नु हो ।

उनी त यो भूभाग नेपालको हो भनेरसमेत बोल्दिनन् । अनि यस्ता व्यक्तित्वबाट देश र जनताको सुरक्षा हुन्छ, देशमा विकास हुन्छ भनेर ठान्नु मूर्खता हो । पुराना राजनीतिक दलहरूले राज्यको सम्पत्ति दोहन गरे । सरकारी सम्पत्ति व्यक्तिको नाममा लगे । काठमाडौं उपत्यकासहित देशभरको सार्वजनिक, गुठी, ऐलानी, मठमन्दिर, ढुंगेधारा, कुवा, वनजंगल, खोला नदी, हदबन्दी बढीलगायतका जग्गा विगतमा सरकारी कर्मचारी, दलाल, कानुन व्यवसायी र राजनीतिक पहुँचमा व्यक्तिका नाममा लगियो । पुराना दलहरूले देश सिध्याए भनेर युवा पुस्ता सडकमा ओर्लिए । त्यसक्रममा झण्डै ८० जनाले ज्यान गुमाए ।

आन्दोलनपछि गठित सरकारले दलहरूद्वारा व्यक्तिका नाममा लगिएका सरकारी सम्पत्ति खोजतलास गरी पुनः राज्यको स्वामित्वमा ल्याइने भरोसा गरिएको थियो । तर, यो सरकार पनि पुरानै बाटोमा हिँड्यो । अझ जेन-जी सरकारको नेतृत्व गरिरहेकी सुशीला कार्की स्वयंले तीन आना सरकारी जग्गा कब्जा गरेको आरोप लागेको छ । अनि यस्ता व्यक्तिबाट देशमा सुशासन कायम हुन्छ, भ्रष्टाचार अन्त्य हुन्छ भन्नु हाँस्यास्पद छ ।

काठमाडौंको मात्र लाखौं रोपनी सरकारी जग्गा व्यक्तिको कब्जामा गएको छ । गौशाला भण्डारखाल तथा सिफरचौरमुनिको हजारौं रोपनी सरकारी जग्गा व्यक्तिको नाममा गएको छ । उता, माइती नेपाल विजयचोक, पिंगलस्थानलगायतको सरकारी जग्गा पनि हड्पिएको छ । मुलुककै प्रमुख प्रशासकीय केन्द्र सिंहदरबारको जग्गासमेत कब्जा भइरहेको कब्जा छ । तर, सरकार आफ्नै सम्पत्ति खोज्दैन, किन ? सरकारमा बसेकाहरू सबै काण्डैकाण्डमा मुछिएका छन् ।

उनीहरू आफैंले सरकारी सम्पत्ति दोहन गरेका छन् । यसले सरकारी सम्पत्ति खोजिएमा आफूहरूको पनि पोल खोलिने डरमा उनीहरू हात बाँधेर बसेको देखिन्छ । पुराना होस् या नयाँ भनाउँदाहरू सबै एउटै हुन्, सबैलाई सरकारी सम्पत्ति कसरी दोहन गर्ने भन्नेमात्र छ । अहिले देश बनाउने भन्दै रवि, बालेन, कुलमानहरू तातिएका छन् । रविको विगत होस् या वर्तमान काण्डैकाण्डले ढाकिएको छ । उनीमाथि सहकारी ठगीको मात्र पाँचवटा मुद्दा छ । यतिमात्र होइन, अमेरिकामासमेत उनीमाथि दर्जनौं मुद्दा छन् । उता, बालेनमाथि सिंहदरबार खरानी बनाएको आरोप छ । कुलमानमाथि विद्युत् प्राधिकरणमा रहँदा अर्बौं भ्रष्टाचार गरेको आरोप छ । अनि यस्ता ठग व्यक्तिहरूबाट देश बन्छ ? पुराना नेताहरू ठीक भएनन्, उनीहरूले आफ्नो स्वार्थका निम्ति देश तहसनहस बनाए । तर, यसको फाइदा रवि, बालेन, कुलमानजस्ता ठग व्यक्तिहरूले उठाउन खोजिरहेका छन् ।

राजाले खाए हामीले खान पाएनौं भनेर कांग्रेस, एमाले, माओवादी, मधेसी दलहरू उदाए । अनि दलहरूले खाए हामीले खान पाएनौं भनेर नयाँ भनाउँदाहरूको उदय भएको हो । अब जनताले सबैको अनुहार चिनिराखौं । भ्रममा नपरौं । विगतमा जनताको चाहनालाई सम्मान गर्दै राजाले श्रीपेच त्यागे, दरबार छोडे । र, जंगल पसे । उनी अहिले साधारण जीवन बिताइरहेका छन् ।

तर, एउट राजाको अन्त्य हुँदा हजारौं छोटे राजाहरूको उदय भयो । अहिले राजनीतिलाई सेवा होइन, कमाउखाने भाँडो बनाइयो । यो कुरा जनताले बुझ्न आवश्यक छ । नत्र देश र जनता आफैंले दुःख पाउने छन् । पटक-पटक आन्दोलन भइरहन्छ र जनताका छोराछोरी मरिरहन्छन् । त्यसकारण आउँदो चुनावमा लोकप्रिय व्यक्तिलाई होइन, इमानदार र देश र जनताको निम्ति सोच्ने व्यक्तिलाई जिताऔं ।

- **रुषा थापा**, भक्तपुर



**हिउँले सेताम्मे लोमान्थाङ** | माथिल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका-५ लोमान्थाङ बजारमा परेको हिउँ । यहाँ दुई फिटसम्म हिउँ परेको थियो । *तस्विरः रासस*

# गुल्मीमा ५३ प्रतिशत नागरिक स्वास्थ्य बिमामा आबद्ध

**गुल्मी (प्रस)–** छ वर्षको अवधिमा गुल्मीमा ५३ प्रतिशत नागरिक स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध बनेका छन् । पछिल्लो समयमा जिल्लामा स्वास्थ्य बिमा गर्ने नागरिकको संख्यामा वृद्धि हुँदै जान थालेको छ । नागरिकले स्वास्थ्य बिमा कार्यक्रमको महत्त्वका बारेमा बिस्तारै बुझ्दै जान थालेसँगै स्वास्थ्य बिमाप्रतिको आकर्षण बढ्न थालेको हो ।

पछिल्लो तथ्यांकअनुसार हाल एक लाख ३१ हजार १२७ जना स्वास्थ्य बिमामा आबद्ध बनिसकेका छन् । बिमामा आबद्धता हुनेहरूमा ६७ हजार ५१७ महिला र ६३ हजार ६०८ पुरुष रहेका छन् । जिल्लामा रहेका १२ स्थानीय तह मध्यमा संख्याका आधारमा रेसुंगा नगरपालिका स्वास्थ्य बिमा गर्नेमा सबैभन्दा अगाडि छ । उक्त नगरपालिकामा २५ हजार २१२ व्यक्ति बिमामा आबद्ध भएका छन् ।

त्यसैगरी रुरुक्षेत्र गाउँपालिकामा १४ हजार २१७ बीमित बनेका छन् । जिल्लामा पालिकाहरूमा रहेको जनसंख्याका आधारमा भने रुरुक्षेत्र गाउँपालिकामा सबैभन्दा धेरै नागरिक बीमित बनेको स्वास्थ्य बिमा बोर्ड गुल्मीका संयोजक तथा दर्ता अधिकारी सुवास घिमिरेले जानकारी दिए ।

रुरुक्षेत्र गाउँपालिकामा पछिल्लो समयमा स्वास्थ्य बिमा दर्ता अभियानमा नागरिकहरूले सक्रिय सहभागिता जनाएको अध्यक्ष यदु ज्ञवालीले बताए । उनले यस आर्थिक वर्षमा पालिकाभित्र ९० प्रतिशत बीमित पुऱ्याउने योजना रहेको बताए । अध्यक्ष ज्ञवालीले विपन्न तथा असहाय नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रमसँग जोड्ने गरी कार्यक्रमलाई अझ प्रभावकारी ढंगले अगाडि बढाइएको जानकारी दिए । त्यसैगरी मुसिकोट नगरपालिकामा आठ हजार २६१, चन्द्रकोट गाउँपालिकामा छ हजार ५१७, धुर्कोट गाउँपालिकामा १० हजार ७३३, छत्रकोट गाउँपालिकामा १२ हजार ५७३ र गुल्मीदरबारमा १० हजार ४३१ जना स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध भएका छन् ।

त्यसैगरी इस्मा गाउँपालिकामा सात हजार ७९०, कालिगण्डकीमा छ हजार ८२१, मदाने गाउँपालिकामा तीन हजार ९३२, मालिका गाउँपालिकामा आठ हजार ४५१ र सत्यवती गाउँपालिकामा १६ हजार १९० जना नागरिक स्वास्थ्य बिमामा आबद्ध बनिसकेको बताइएको छ । जिल्लामा छ वर्षको अवधिमा कूल जनसंख्याका आधारमा ५३ प्रतिशत नागरिक स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध बनिसकेको स्वास्थ्य बिमा बोर्डका दर्ता अधिकारी घिमिरेले बताए ।

# स्याङ्जाका ५६ मतदानस्थल अति संवेदनशील

**वालिङ (स्याङ्जा)–** स्याङ्जाका ५६ मतदानस्थल अति संवेदनशील छन् । जिल्ला सुरक्षा समितिको बैठकले सुरक्षाको दृष्टिलाई मध्यनजर गर्दै आगामी फागुन २१ गते हुन लागिरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्लाका ५६ मतदानस्थललाई अति संवेदनशीलको सूचीमा राखेको हो ।

सुरक्षाका दृष्टिले जिल्लाका मतदानस्थललाई तीन भागमा वर्गीकरण गरेर सूची निर्धारण गरेर केन्द्रमा सिफारिस गरिएको जिल्ला सुरक्षा समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले जानकारी दिए । स्याङ्जाका १९९ मतदानस्थलमध्ये सामान्य ७२ वटा, संवेदनशील ७१ वटा र अति संवेदनशील ५६ वटा रहेका छन् । 'सडक तथा यातायातको पहुँच, सुरक्षा अवस्था, भौगोलिक अवस्था, सूचना तथा सञ्चारको पहुँच, विगतको निर्वाचनमा भएका गतिविधिलाई आधार मानेर मतदानस्थलको बैठकबाट सूची तयार भएको हो,' उनले भने, 'मतदानस्थलको संवेदनशीलताका आधारमा सुरक्षा योजना बनाइने छ ।'

निर्वाचनलाई स्वच्छ, मर्यादित र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि जिल्लाका दुईवटै क्षेत्रका विभिन्न राजनीतिक दल, सम्बद्ध उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारले प्रतिबद्धता जनाएको उनले बताए । मतदानस्थलको संवेदनशीलताका आधारमा आवश्यक सुरक्षा योजना बनाउनका लागि जिल्ला सुरक्षा समिति, निर्वाचन अनुगमन समितिसहित निर्वाचन अधिकृतको संयुक्त टोलीले जिल्लाका मतदानस्थलको स्थलगत अध्ययन तथा अवलोकन गरिरहेको छ ।

दुई निर्वाचन क्षेत्र रहेको स्याङ्जामा १९९ मतदानस्थल रहेका छन् । जिल्लामा ३२२ मतदान केन्द्र रहेका छन् । गत निर्वाचनमा १९९ मतदानस्थल रहेको थियो, भने मतदान केन्द्र ३२० कायम रहेकोमा यसपटक दुई मतदान केन्द्र थप भएका जिल्ला निर्वाचन कार्यालय.स्याङ्जाका प्रमुख श्रीराम थापाले जानकारी दिए ।

२०८२ फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा भई दुई लाख ४८ हजार ८१६ जनाले आगामी प्रतिनिधिसभा निर्वाचनमा मतदान गर्न पाउने भएका हुन् । स्याङ्जामा पुरुष मतदाताभन्दा महिला मतदाताको संख्या धेरै रहेको छ । पुरुषभन्दा महिला मतदाता तीन हजार ८८७ जना धेरै रहेका छन् । प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ मा एक लाख ३० हजार ८८६ मतदाता रहेका छन् । स्याङ्जा क्षेत्र नं २ मा एक लाख १७ हजार ९३० मतदाता रहेका छन् । *रासस*

# हिमपातपछि मुक्तिनाथ मन्दिर परिसर सुनसान

■ **सुन्दरकुमार थकाली**

**मुस्ताङ–** भारी हिमपात भएपछि यहाँको वारागुङ मुक्तिक्षेत्र-१ स्थित मुक्तिनाथ मन्दिरपरिसर सुनसान बनेको छ । हिमपातकै कारण कागबेनी-मुक्तिनाथ सडकखण्ड अवरुद्ध भएपछि प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ मन्दिर परिसर सुनसान बनेको हो ।

भारी हिमपातका कारण यहाँको कागबेनी-मुक्तिनाथ कालोपत्र सडक बाक्लो हिउँ जमेका कारण जोमसोमबाट मुक्तिनाथ प्रस्थान गरेका सवारीसाधन बुधबार बिहानबाट माथि उक्लिन सकेका छैनन् । बुधबार बिहान सशस्त्र प्रहरीको टोलीले हिउँ पन्छाएर अवरुद्ध सडक खुलाउन पहल गरे पनि थप हिउँ पर्न सक्ने अनुमान कारण हिउँ पन्छयाउन प्रयास रोकेको थियो ।

मुक्तिनाथ जाने कागबेनी-मुक्तिनाथ सडकअन्तर्गत कागबेनीको पहिलो मोडदेखि कागबेनी सेल्फी पार्क, कालोभीर, खिंगा, झारकोटलगायतका स्थानमा बाक्लो हिउँ जमेकाले सडक अवरुद्ध बनेको वारागुङ मुक्तिक्षेत्र-१ वडाध्यक्ष प्रमेश गुरुङले जानकारी दिए । हिमपातका कारण सडक अवरुद्ध हुँदा कतिपय दर्शनार्थी भक्तजन कागबेनीबाटै घोडा चढेर मुक्तिनाथ गइरहेको वडाध्यक्ष गुरुङको भनाइ छ ।

यसैगरी हिमपातपछि मुक्तिनाथ मन्दिरमा दर्शनार्थी पर्यटकको आगमनमा समस्या र चुनौती थपिएको मुक्तिनाथ विकास समितिका व्यवस्थापक दिनेश भुसालले जानकारी दिए । हिमपातअघि दैनिक ५०० भन्दा बढी पर्यटक उपस्थित हुने गरेकोमा बुधबारदेखि भक्तजनको उपस्थित ज्यादै नगण्य रहेको व्यवस्थापक भुसालले उल्लेख गरे ।

कागबेनी-मुक्तिनाथ अवरुद्ध सडक सञ्चालनमा नआएसम्म मन्दिरको दैनिक क्रियाकलाप नियमित पूजापाठमै सीमित रहने व्यवस्थापक भुसालले बताए । मंगलबार रातिको भारी हिमपातका कारण मुक्तिनाथ क्षेत्र पूरै हिउँले ढाकिएको छ । हिमपातका कारण वारागुङ मुक्तिक्षेत्रमा पर्ने झारकोट, खिंगा, रानीपौवा बजार, पुराङ, छेंगुरलगायतका गाउँ पूरै हिउँले सेताम्मे भएका छन् ।

मन्दिर परिसर, १०८ धारा, मन्दिर अगाडिको स्नानकुण्डमा पूरै हिउँ जमेका कारण यहाँ जसोतसो दर्शन गर्न आएका भक्तजनलाई पनि स्नान गर्न र मन्दिरको दर्शन गर्न कार्यमा बाधा अवरोध पुऱ्याएको जनाइएको छ । हिमपातपछि चिसो अत्यधिक बढेकाले दर्शनार्थीलाईसमेत लेक लाग्न सक्ने जोखिम रहेको छ ।

मुस्ताङमा भारी हिमपात भएपछि बुधबारदेखि कागबेनी-कोरला र मुक्तिनाथ सडकखण्ड अवरुद्ध रहेको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ । यहाँका प्रहरी निरीक्षक सन्तोष बस्यालका अनुसार छुसाङदेखि कोरला सडकसम्म सडकमा दुई फिट बाक्लो हिउँ जमेकाले सडक अवरुद्ध भएको जानकारी दिए । हिमपातका कारण सडक अवरुद्ध हुँदा मुक्तिनाथ जाने दर्शनार्थी बुधबार बिहानैदेखि कागबेनीमै रोकिएको उल्लेख गरे । यसैगरी मौसम खुलेमा कागबेनी-सडक हिउँ पग्लिएर सञ्चालनमा आउन सक्ने प्रहरी निरीक्षक बस्यालको भनाइ छ । हिमपातका कारण माथिल्लो मुस्ताङको जनजीवन प्रभावित बनेको प्रहरी निरीक्षक बस्यालले बताए । *रासस*


## गोरेटो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
धुम्बाराही, चण्डोल काठमाडौं
फोन नं. ०१-४५२८९६६, ०१-४५३४०६६

**कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सूचना**

**प्रकाशित मितिः २०८२/१०/१६**

यस संस्थाको तपसिलमा उल्लेखित सदस्यले मिति २०७५/०१/२५ गतेको कर्जा नं. HPL 634 र २०७६/१०/१५ गतेको कर्जा नं. HPL 677 को हायर पर्चेज ऋण (कर्जा) शिर्षक अन्तर्गत ऋण लिंदा संस्थासंग गरेको सर्त सम्झौता बमोजिम समय-समयमा बुझाउनु पर्ने सावाँ, व्याज लगाएतका रकमहरु नतिरी नबुझाई संस्थासंग गरेको कर्जा सम्बन्धी सर्त बन्देजहरु उल्लंघन गरेकाले संस्थाको सम्पूर्ण ऋण रकम चुक्ता गर्न पटक-पटक मौखिक एवं लिखित रूपमा ताकेता गर्दा समेत नतिरि, नबुझाई संस्थाको कर्जा चुक्ता गर्न तर्फ कुनै चासो नदेखाई वेवास्ता गरि बसेको हुँदा ऋण (कर्जा) चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएकोले मितिले ३५ दिन भित्र संस्थामा तिर्न बुझाउनु पर्ने ऋण र सोसंग सम्बन्धित सम्पूर्ण रकम भुक्तान गर्नुहोला । सूचनामा तोकिएको म्याद भित्र संस्थालाई तिर्न बुझाउनु पर्ने सावाँ, व्याज, हर्जना लगाएतका रकम नबुझाएमा सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५ र संस्थाको ऋण नीति २०७९ (संशोधन सहित) तथा अन्य प्रचलित कानुन बमोजिम धितो सुरक्षणमा दिएको तपसिलको सवारी साधन लिलाम बिक्रीबाट असुल उपर गरिने छ सो बाट असुल उपर हुन नसकेको रकम तपाई ऋणी र जमानीको अन्य चल अचल श्री सम्पत्तिबाट सहकारीको ऋण असुली सम्बन्धमा प्रचलित कानुन बमोजिम गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । अन्य थप जानकारीका लागि संस्थामा सम्पर्क राख्नुहोला ।

**तपसिल**

| ऋणीको विवरण | ऋणीको फोटो | जमानीकर्ता | धितोको विवरण |
|---|---|---|---|
| **नामः मनोज चौधरी**<br>बाबुः महेन्द्र चौधरी<br>बाजेः काली चौधरी<br>ठेगानाः सर्लैही जिल्ला साविक पीडरिया गा.वि.स वडा न.पा.४ हाल परिवर्तित कविलासी गा.पा २<br>हालको ठेगानाः का.जि.गोकर्णेश्वर नगरपालिका वडा नं. ५ नयाबस्ती<br>ना.प्र.नं.१९३०६२/४८ सर्लाही<br>जारी मितिः २०६३/१२/२१ |  | **नामः जीतेन्द्र चौधरी**<br>ठेगानाः सर्लाही जिल्ला पडरीया गा.वि.स वडा न.पा. ४ परिवर्तित कविलासी गा.पा.२ | MAHINDRA MAHINDRA BOLERO CAMPER<br>सेतो रङ भएको गाडी नं. बा ९ च ७५४८<br>इन्जिन नं.GGCLC85358<br>च्यासिस नं. MA12C4GGAC1C24129 |
| | | **नामः मनोज कुमार चौधरी**<br>ठेगानाः सर्लाही जिल्ला पडरीया गा.वि.स वडा न.पा.५ हाल परिवर्तित कविलासी गा.पा १<br>हालको ठेगानाः का.जि.गोकर्णेश्वर नगरपालिका वडा नं.५ नयाँबस्ती | MAHINDRA MAHINDRA PICKUP<br>इन्जिन नं.GHD1G44607<br>च्यासिस नं. MA1ZL4GHK1G55418<br>गाडी नं. बा 10 च 9971<br>बनेको सालः 2013 |



## साउदीमा रोजगार
कम्पनी : ALI BIN SALEH BIN MOHAMMED AL-HAJRIS RESTAURANT FOR SERVING MEALS
पूर्व स्वीकृति मिति : २०८२/१०/१५ | LT. No. 337953 | चलानी नं. ६०२५१४३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 1 | 0 | 1000 | ३९,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २३ गते (6th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १५०/०५६/५७
HYHIRE INTERNATIONAL PVT. LTD.
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9, Kathmandu, BAGMATI, Tel: +977-01-4481308



## युएइमा रोजगार
कम्पनी : AL MUBADALA BUILDING MAINTENANCE L.L.C
पूर्व स्वीकृति मिति : २०८२/१०/१५ | LT. No. 337989 | चलानी नं. ६०२५१४४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 24 | 0 | 1000 | ४०,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २३ गते (6th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 280/058/059
Cosmo International Overseas Pvt. Ltd. (Overseas Employment Consultants)
Minbhawan, Kathmandu, Nepal, Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn



## साउदीमा रोजगार
कम्पनी : AZM ALBAWADIR COMPANY FOR GENERAL CONTRACTING
पूर्व स्वीकृति मिति : २०८२/०६/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१०/१५ | LT. No. 332368 | चलानी नं. ६०२४६०६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | loading and unloading worker/ helper | 2 | 0 | 1000 | ३९,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २३ गते (6th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000446/9705000447/9705000448
9705000449/9705000450/9705000451/9705000452 E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081



## कतारमा रोजगार
कम्पनी : H P Industries
पूर्व स्वीकृति मिति : २०८२/१०/१५ | LT. No. 338024 | चलानी नं. ६०२५१५०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1700 | ६८,०६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | १,००,१०१ | | | | | | | |
| 3 | Labour | 2 | 0 | 1000 | ४०,०४० | | | | | | | |
| 4 | LANDSCAPE TECHN. | 1 | 0 | 1800 | ७२,०७२ | | | | | | | |
| 5 | Security Guard | 1 | 0 | 1700 | ६८,०६८ | | | | | | | |
| 6 | Supervisor | 1 | 0 | 2500 | १,००,१०१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २३ गते (6th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1405/074/75
CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Ratopul, Gaushala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339,
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com



## कतारमा रोजगार
कम्पनी : JOVIAL TRADING, EVENTS AND FACILITY MANAGEMENT
पूर्व स्वीकृति मिति : २०८२/१०/१४ | LT. No. 337932 | चलानी नं. ६०२५१४४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 15 | 0 | 1000 | ४०,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २३ गते (6th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७



## युएइ/कतारमा रोजगार
कम्पनी : GRAND GOVER HORTICULTURE CO. L.L.C
पूर्व स्वीकृति मिति : २०८२/१०/१५ | LT. No. 337990 | चलानी नं. ६०२५१४७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gardener Helper | 40 | 0 | 1000 | ४०,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CONCEPT DESIGN AND CONTRACTING
पूर्व स्वीकृति मिति : २०८२/१०/१४ | LT. No. 337848 | चलानी नं. ६०२५१४७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 6 | 0 | 1000 | ४०,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय, शामाखुसी, टाउनप्लानिङमा मितिः २०८२ माघ २३ गते (6th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MBK OVERSEAS PVT. LTD.
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Web: www.mbkoverseas.com.np, Email: mbkoverseas@gmail.com, info@mbkoverseas.com.np,
Contact: (For Kathmandu) 9818184532, 9801064154, 9808658844,9828816646, Contact: (For Jhapa) 023590343, 9842716845, 9815933303
श्रम इजाजत नं. ५४२/०६१/०६२



## युएइमा रोजगार
कम्पनी : TECHNICAL TOUCH GENERAL MAINTENANCE
पूर्व स्वीकृति मिति : २०८२/१०/१५ | LT. No. 338011 | चलानी नं. ६०२५१४८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ac Mechanic | 3 | 0 | 1500 | ६०,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 2 | 0 | 1500 | ६०,०६० | | | | | | | |
| 3. | Carpenter Assistant | 3 | 0 | 1200 | ४८,०५० | | | | | | | |
| 4. | Concrete Masons | 3 | 0 | 1500 | ६०,०६० | | | | | | | |
| 5. | Electrician | 2 | 0 | 1500 | ६०,०६० | | | | | | | |
| 6. | Electrician Assistant | 2 | 0 | 1500 | ६०,०६० | | | | | | | |
| 7. | Mason Bricks | 3 | 0 | 1500 | ६०,०६० | | | | | | | |
| 8. | Plumber | 3 | 0 | 1500 | ६०,०६० | | | | | | | |
| 9. | Reinforce Fitter Assistant | 3 | 0 | 1200 | ४८,०५० | | | | | | | |
| 10. | Tile Layer | 2 | 0 | 1500 | ६०,०६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २३ गते (6th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA
Govt.Lic. No- 1168/073/074
MINAWA RECRUITMENT H.R. PVT LTD
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## कुवेतमा रोजगार
कम्पनी : SAHM BEAUTY CENTER HEALTH INSTITUTE & SALON FOR WOMEN'S BEAUTY
पूर्व स्वीकृति मिति : २०८२/१०/१५ | LT. No. 338023 | चलानी नं. ६०२५१५०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Henna Lady | 0 | 8 | 150 | ७१,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner General | 0 | 2 | 95 | ४५,५६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २३ गते (6th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## साउदीमा रोजगार
कम्पनी : DALLAH AL SHARQ CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति : २०८२/१०/१४ | LT. No. 337816 | चलानी नं. ६०२५१५०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 100 | 0 | 1000 | ३९,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ माघ २३ गते (6th Feb. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | १०,००० | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Paradeshi Overseas Services Pvt. Ltd.
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060

प्रभाव दैनिक

रूपशाला

## 'शिवांश'मा कैलाश खेरको स्वरमा 'शिव ताण्डव'

चलचित्र 'शिवांश' फागुन १ गते प्रदर्शन हुँदा नेपाली दर्शकले प्रसिद्ध भारतीय गायकको स्वर सुन्न सक्नेछन् । 'शिवांश'मा कैलाश खेरको स्वरमा 'शिव ताण्डव' गीत रहेको निर्माणपक्षले बताएको छ । निर्माणपक्षले नयाँ पोस्टर सार्वजनिक गर्दै कैलाश खेरको गीत चलचित्रमा रहेको जानकारी दिएको छ । पोस्टरमा चलचित्रका मुख्य पात्र छन् । प्रवीण खतिवडा हातमा चक्कु बोकेर रौद्र रूपमा छन् । तेज गिरी रिसाहा मुद्रामा छन् । रूसा न्यौपाने हेरिरहेकी छन् । बिमला लिम्बू पनि केही आश्चर्यमिश्रित भावमा छिन् । विकाश जोसी हातमा डमरू बोकेर चिच्याइरहेको देखिन्छ ।



शुक्रबार, १६ माघ २०८२ (Friday, 30 January 2026)

# सेन्सर बोर्डमा 'आ बाट आमा'को प्रशंसा

■ प्रभाव संवाददाता




**काठमाडौं–** आजबाट हलमा लाग्ने फिल्म 'आ बाट आमा'को सेन्सर पास भइसकेको छ । दुई दिनअघि केन्दीय चलचित्र जाँच पास समिति (सेन्सर बोर्ड)ले फिल्मलाई युनिभर्सल सर्टिफिकेट दिएको हो ।

सेन्सर बोर्डका सदस्यले यो फिल्म हेर्दा निकै भावुक बने । उनीहरूले फिल्मको भावले आफुलाई छोएको र यसले यस फिल्मको कथा र कलाकारको अभिनयले दर्शकको मन जित्ने बताए ।

फिल्म हेरेपछि सेन्सर बोर्डका सदस्य तथा वरिष्ठ पत्रकार कुबेर गिरीले फिल्मको कथा आकर्षक र लोभलाग्दो बताए । उनले आफुलाई व्यक्तिगत रूपमा यो फिल्म मनपरेको सुनाए । उनी यो फिल्म हेर्दा आफु धेरै पटक भाबुक भएको सुनाए । यसअघि पनि आमाको कथामा फिल्म बनेको तर यतिको भावुक नभएको उनको भनाई छ ।

'आमाको विषयमा केही फिल्म बनेका छन् । ति सबैमा आमाको दुःख देखाउने खोसिस गरिएको थियो,' फिल्म हेरिसकेपछि उनले भने, 'तिनीहरूको तुलनामा यो फिल्म भिन्न छ । फिल्मले आमाको कथालाई फरक तरवरबाट प्रस्तुत गरेको छ । जुन आकर्षक र लोभलाग्दो छ । व्यक्तिगत रूपमा यो फिल्म मलाई त मनपर्‍यो ।'

उनले आफु निकै पटक यो फिल्म हेर्दा भावुक बनेको सुनाए । उनले थपे,' फिल्म हेर्दा म धेरै भावुक भएँ । पारिवारिक कथामा बनेको यो फिल्मले मलाई मात्र होइन धेरैलाई रुवाउन सक्छ ।'

अन्य सेन्सर बोर्डका सदस्य र यो फिल्म हेरिरहेको निर्माण पक्षको पनि आँखा रसाएको प्रष्टै देखिन्थ्यो । सेन्सर बोर्डकै अर्का सदस्य सम्पर्ण श्रेष्ठले फिल्म निकै उत्कृष्ट बनेको बताए । उनले पछिल्लोसमय फिल्म एकदमै राम्रो बन्न थालेको र त्यसमा पनि आ बाट आमा एकदमै राम्रो लागेको बताए ।

'पछिल्लोसमयमा नेपाली चलचित्रहरू अत्यन्त उत्कृष्ट बन्न थालेका छन्,' उनले फिल्म हेरिसकेपछि भने,' ति मध्ये 'आ बाट आमा' नेपाली पारिवारिक कथाले भरिएको चलचित्र बनेको छ । अत्यन्त उत्कृष्ट बनेको छ । यो चलचित्रलाई हलसम्म गएर हेरिदिन दर्शकलाई अनुरोध पनि गर्दछु ।'

सेन्सर बोर्डका सदस्यको यो प्रतिक्रिया सुनिसकेपछि निर्माण पक्ष फिल्मलाई लिएर निकै उत्साहित देखिन्छ । चुनावको माहोल तातिरहेको समयमा पनि यो फिल्मको हाइप घटेको छैन ।

यस फिल्ममा समावेश गीत 'लैजा खवर ए हावा' र 'जाँदैछु नौ डाँडा काटेर'ले पनि दर्शकलाई भावुक बनाएको प्रतिक्रिया आइरहेको छ । साथै यो गीतले युटुबमा ३० लाख भन्दा माथी भ्युज कमाई सकेको छ ।


आर्या इन्टरटेन्मेन्टको प्रस्तुतिमा निर्माण भएको यस फिल्मलाई चन्द्रपन्तले निर्देशन गरेका हुन् । उनकै कथा तथा पटकथा रहेको यस फिल्ममा विपना थापा,पल शाह,प्रदीप रावत,उषा उप्रेती, सिम्रन पन्त, साइग्रेस पोखरेल,गजित बिष्ट,बेगम नेपाली लगायत कलाकारले अभिनय गरेको छन् ।

टिजर ट्रेलर र गीतले समेत हाइप बटुलिसकेको यो फिल्ममा संगीत कोशिस क्षेत्री,बाबुल गिरी र थानेश्वर गौतमको छ । फिल्ममा कोरियोग्राफी गंभीर बिष्ट र दिलिप ओखेडाले गरेका छन् भने अभिमन्यू निरवीद्वारा लिखित संवादमा अमर न्यौपाने, अभिमन्यू निरवी र चन्द्र पन्तले सहकार्य गरेका छन् ।

फिल्ममा कृष्ण प्रसाद सुवेदी, ओमकार पन्त, प्रकाशजंग कुँवर,ध्रुव प्रसाद न्यौपाने र क्षितिज ढुंगानाको लगानी रहेको छ भने कार्यकारी निर्माताका रूपमा करण सिंह रसाली हुन् । यस फिल्मलाई नवराज उप्रेतीले खिचेका छन् । फिल्मको सम्पादन मिलन श्रेष्ठ, ट्रेलर र टिजरको काम साहिल खानले गरेका छन् भने फिल्म वितरण आरआर फिल्म्सले गर्दैछ । साथै डिजिटल अधिकार ओएसआर डिजिटलको रहेको छ ।

# रिलिजको पूर्वसन्ध्यामा 'द ब्लू लाइट'को नयाँ गीत सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं–** चलचित्र 'द ब्लू लाइट'ले प्रदर्शनको पूर्वसन्ध्यामा नयाँ गीत सार्वजनिक गरेको छ । 'दुई अक्षरको माया' बोलको गीत निर्माण पक्षले आज सार्वजनिक गरेको हो ।

गीतमा प्रवेश राईको स्वर, डीपी खनालको शब्द र एसडी योगीको संगीत रहेको छ । गीतमा प्रेम र सम्बन्धको कथा छ । दुई अक्षरको शब्द 'माया'लाई बुझ्न कति कठिन छ भन्ने गीतमा उल्लेख छ । प्रेम र विश्वास तथा त्यसमा हुने घातलाई सुन्न सकिन्छ । प्रेम र आशंकालाई केन्द्रमा राखेको गीतले माया बुझ्न हुने गरेको कठिनाई र त्यसले जिन्दगीमा पार्ने प्रभावलाई उल्लेख गरेको छ ।

गीतको भिडियोमा चलचित्रमा दुई मुख्य कलाकार अपर्ण थापा र बेनिशा हमालको अभिनय छ । उनीहरूबीचको प्रेम र सम्बन्धलाई गीतले देखाउने प्रयास गरेको छ । शुक्रबारबाट प्रदर्शनमा आउने चलचित्रको प्रि-बुकिङ खुला भएको छ । देशभरका प्रमुख मल्टिप्लेक्सहरूमा एडभान्स् बुकिङ खुल्ला गरिएको चलचित्रको सन्तोषजनक शो पाएको छ ।

यो समाचार तयार पार्दासम्म 'द ब्लू लाइट' देशकै ठूलो मल्टिप्लेक्स चेन क्यूएफएक्सका काठमाडौं उपत्यकाका हलमा १३ शो पाएको छ भने मोफसलमा १२ शो पाएको छ ।

यसैगरि, देशको दोस्रो ठुलो मल्टिप्लेक्स चेन आईएनआईका ५ वटा आउटलेटमा ८ शो, बिग मुभिजले ३ शो र एफक्युब सिनेमाले ३ शो दिएका छन् ।

केही हलहरूमा शो खुल्न बाँकी र अग्रीम टिकट बुकिङ खुल्ला हुँदै गएको र देशभर करिब १ सय २० शो भन्दा बढी पाउने जानकारी वितरण कम्पनी डिसिएन दिएको छ ।

चलचित्रलाई दर्शकले मन पराउनेमा निर्माण टिम ढुक्क छ । 'द ब्लू लाइट'मा बेनिशा र अर्पणसँगै श्रृष्टि श्रेष्ठ, आयुशमान देशराज जोशी, महेश त्रिपाठी र सुरक्षा इटानी मुख्य भूमिकामा छन् । बाल कलाकारमा ग्रिस्मा कटुवाल र सहारा शर्मा छन् ।

चलचित्र 'द ब्लू लाइट'लाई बलिराम चौहानले निर्देशन गरेका छन् । यो उनको पहिलो निर्देशन हो ।

स्काइफल पिक्चर्सले प्रस्तुत गरेको'द ब्लु लाइट'को को-प्रोडुसरको रूपमा भोलानाथ कटुवाल र रमन ग्रे रहेका छन् । कार्यकारी निर्मातामा भने छायाकार नरेन्द्र मैनाली र नायिका बेनिशा हमाल छन् ।

नरेन्द्र मैनालीको छायांकन रहेको चलचित्रमा आकाश उखेडा मख्य सहायक निर्देशक छन् । रेलिजा श्रेष्ठ प्रोडक्सन डिजाइनर, दिलीप पन्त निर्माण नियन्त्रक हुन् ।

रंगशाला

## छैटौं टाइगर कप भलिबल

# पुलिसविरुद्ध महिनादिनभित्रै ह्याट्रिक उपाधि हात पार्ने दाउमा न्यू डायमन्ड

## एपीएफलाई पराजित गर्दै थाइल्यान्ड क्विन्स तेस्रो




■ प्रभाव संवाददाता

**पोखरा–** छैटौं टाइगर कप भलिबलको महिला तर्फको उपाधिका लागि न्यु डायमन्ड क्लब र नेपाल पुलिस क्लब भिड्ने भएका छन् । एक महिनाको अवधिमा यी दुई टीमबीच तेस्रो पटक उपाधिका लागि भिडन्त हुने भएको हो । यसअघि सम्पन्न दुवै फाइनलमा न्यू डायमन्डले पुलिसलाई पराजित गर्दै उपाधि हात पारेको थियो ।

नेपाल पुलिस क्लब यसअघिका हारको बदला लिने लक्ष्यसहित कोर्टमा उत्रने छ भने न्यु डायमन्ड एउटै प्रतिस्पर्धीलाई पराजित गर्दै उपाधिमा ह्याट्रिक गर्ने दाउमा छ ।

त्यसअघि बिहीबार तेस्रो स्थानका लागि भएको खेलमा विभागीय टोली एपीएफ क्लबलाई पराजित गर्दै थाइल्यान्ड क्विन्स छैटौं टाइगर कप भलिबल प्रतियोगितामा तेस्रो भएको छ । पोखरा रंगशालास्थित भलिबल कोर्टमा बिहीबार सम्पन्न खेलमा थाइल्यान्ड क्विन्सले ३-२ को रोमाञ्चक जित हात पारेको हो ।

निकै नै प्रतिस्पर्धात्मक बनेको खेलको पहिलो सेटमा एपीएफले २५-२३ को जित निकालेको थियो । त्यसपछि पाहुना टोलीले कमब्याक गर्दै लगातार दुई सेटमा जित हात पार्‍यो ।

दोस्रो र तेस्रो सेट थाइल्यान्डले क्रमशः २५-११ र २५-९ ले सहजै आफ्नो पक्षमा पार्दै २-१ को अग्रता लियो । तर, चौथो सेटमा एपीएफले पुनरागमन गर्दै २५-२३ को जित हात पारेपछि खेल पाँचौं सेटमा धकेलियो । निर्णायक सेटमा थाइल्यान्ड क्विन्सले १५-११ को जित हात पार्दै तेस्रो स्थान सुनिश्चित गर्‍यो ।

### आर्मी तेस्रो स्थानका लागि खेल्दै

विभागीय डर्बीमा एपीएफलाई हराउँदै त्रिभुवन आर्मी क्लबले छैटौं टाइगर कपमा तेस्रो स्थानमा खेल्ने सुनिश्चित गरेको छ । पोखरा रंगशालास्थित भलिबल कोर्टमा बिहीबार सम्पन्न खेलमा आर्मीले एपीएफलाई ३-२ को सेटमा पराजित गरेको हो । जितसँगै आर्मीले पाँच खेलबाट ७ अंक पुर्‍याएको छ । एपीएफको पनि समान खेलबाट ७ अंक नै छ । तर, आर्मी सेटले अगाडि रहेको छ ।

रोमाञ्चक खेलमा आर्मीले पहिलो सेट २५-१९ ले सहजै आफ्नो पक्षमा पारेको थियो । तर, त्यसपछिका दुई सेटमा पुनरागमन गर्दै एपीएफले खेलमा २-१ को अग्रता बनायो । ती दुई सेटमा आर्मीले २५-२ र २५-१७ को हार बेहोर्‍यो । त्यसपछिका दुई सेटमा भने २५-१७ र १८-१६ को जित निकाल्दै खेल आफ्नो पक्षमा पार्न सफल रह्यो ।

### पुलिसको फाइनल प्रवेश सम्भावना कायमै

विभागीय टोली नेपाल पुलिस क्लबले छैटौं टाइगर कप भलिबल प्रतियोगितामा फाइनल पुग्ने सम्भावना कायमै राखेको छ । पोखरा रंगशालास्थित भलिबल कोर्टमा बिहीबार पुलिसले माल्दिभ्स भलिबल एसोसियसनलाई ३-० को सोझो सेटमा पराजित गरेको हो । पुलिसले पहिलो सेट २५-११, दोस्रो सेट २५-९ र तेस्रो सेट २५-१५ ले आफ्नो पक्षमा पार्‍यो ।

५ खेलबाट पुलिसले १० अंक जोडेको छ । समान ४ खेल खेलका गण्डकी प्रदेश र पर्वत जिल्ला भलिबल संघको समान ९ अंक छन् । गण्डकी र पर्वतले शुक्रबार एकआपसमा भिड्नेछन् ।

## राष्ट्रिय लिग फुटबल

# संकटालाई हराउँदै तेस्रो स्थानमा उक्लियो एनआरटी

■ प्रभाव संवाददाता



**काठमाडौं–** न्युरोड टिम (एनआरटी) राष्ट्रिय लिग फुटबल प्रतियोगिताको अंक तालिकामा तेस्रो स्थानमा उक्लिएको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा बिहीबार सम्पन्न खेलमामा एनआरटीले संकटा फुटबल क्लबलाई ३-१ ले पराजित गरेको हो ।

जितसँगै एनआरटीले ५ खेलबाट १२ अंक पुर्‍याएको छ । एक खेल कम खेलेका शीर्ष दुई क्लब एपीएफ र मच्छिन्द्रको पनि समान अंक छ ।

संकटको भने यो दोस्रो हार हो । ५ खेलबाट ५ अंक जोडेको संकटा सातौं स्थानमा छ । १०औं मिनेटमा कप्तान कृतिशरत्न छुन्जुले गोल गर्दै टोलीलाई सुरुआती अग्रता दिलाए । त्यसपछि ५१औं मिनेटमा वेन्डपाङ्ग गिल्बर्टको आत्मघाती गोलले एनआरटीको अग्रता अझ बलियो बन्यो । ६६औं मिनेटमा टिमोथी ओकेरेकेले तेस्रो गोल गर्दै संकटामाथि दबाब थपे । संकटाका लागि ५५औं मिनेटमा कृष्णबहादुरले एक गोल फर्काए पनि हार टार्न पर्याप्त भएन ।

# अष्ट्रेलियामा शिभालीको उत्कृष्ट प्रदर्शन दुई खेल जित्दै सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली राइजिङ टेनिस स्टार शिभाली गुरुङले अष्ट्रेलियामा भइरहेको एसिया-प्यासिफिक एलिट-१४ एन्ड अन्डर ट्रफी प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै सेमिफाइनलमा स्थान बनाएकी छन् ।

अष्ट्रेलियन ओपन अन्तर्गतको एलिट जुनियर टेनिस प्रतियोगितामा शिभालीले बिहीबार आफ्नो समूहमा दोस्रो जित हात पार्दै सेमिफाइनल यात्रा तय गरेकी हुन् ।

शिभालीले ग्रुप ए को तेस्रो खेलमा घरेलु खेलाडी जसलिन के लाई सोझो सेटमा पराजित गरिन् । मेलवर्न पार्क-वेस्ट कोर्ट १९ मा भएको खेलमा शिभालीले जसलिनलाई ६-०, ६-१ ले सहजै पराजित गरिन् ।

यसअघि ग्रुपको पहिलो खेलमा शिभालीले बुधबार चीनकी जिन्यु झाउलाई प्रतिस्पर्धात्मक खेलमा २-१ ले पराजित गर्दै विजयी सुरुवात गरेकी थिइन् ।

ग्रुप ए को दोस्रो खेलमा भने शिभाली भारतकी जेन्सी कनाबारसँग २-० को सेटमा पराजित भइन् । यस समूहबाट नेपालकी शिभाली र भारतकी जेन्सीले सेमिफाइनलमा स्थान बनाएका छन् । शिभालीले अब सेमिफाइनलमा न्युजिल्याण्डकी मुसेम्मा सिलेकसँग बिहीबारै प्रतिस्पर्धा गर्नेछिन् । यो खेल मेलवर्न पार्क-वेस्ट कोर्ट १४ मा हुनेछ ।

भारतीय खेलाडी जेन्सीले भने जापानी खेलाडी आयोइ योसिदासँग प्रतिस्पर्धा गर्नेछिन् । यो खेल मेलवर्न-वेस्ट कोर्ट १२ मा हुनेछ ।

समूह ए बाट सिलेक र योसिदा पनि दुई-दुई खेल जित्दै सेमिफाइनल पुगेका हुन् ।

यसैगरी ब्वाइजतर्फ दक्षिण कोरियाका सियुन किम र अष्ट्रेलियाका टोमी कामुस, अखमादी माखानोभ र थिएन अनह ले सेमिफाइनल पुगेका छन् । एसिया-प्यासिफिक एलिट-१४ एन्ड अन्डर ट्रफी प्रतियोगितामा एसिया र प्यासिफिक क्षेत्रका उत्कृष्ट गरी ब्वाइजतर्फ ८ र गर्ल्सतर्फ ८ खेलाडीले प्रतिस्पर्धा गरेका थिए । गर्ल्स र ब्वाइज दुवैमा सहभागि खेलाडीलाई दुई समूहमा विभाजन गरिएर खेलाइएको थियो ।




कुवेतको सहरस्थित क्षितिजमा बिजुली चम्किरहेको दृश्य । *तस्बिरः सिन्ह्वा*

# बेलायत–चीन सम्बन्ध सुदृढ गर्ने सहमति

**बेइजिङ–** बेलायत र चीनका नेताहरूले बढ्दो विश्वव्यापी अनिश्चितताको पृष्ठभूमिमा दुई देशबीचको सम्बन्धलाई अझ गहिरो बनाउन व्यापक रणनीतिक साझेदारीको आवश्यकता औंल्याएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नाम प्रत्यक्ष रूपमा नलिइए पनि विश्व व्यवस्थामा आएको उतारचढाव दुवै नेताको छलफलको केन्द्रमा रहेको देखिएको छ ।

बेलायती प्रधानमन्त्री किर स्टार्मरले चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको भेटमा जलवायु परिवर्तन र विश्वव्यापी स्थिरताजस्ता चुनौतीपूर्ण विषयमा सहकार्य गर्दै सम्बन्धलाई मजबुत बनाउनु आवश्यक रहेको बताए । दुवै नेताबीच बेइजिङस्थित ग्रेट हल अफ द पिपलमा भेट भएको हो । बेलायत-चीन सम्बन्ध पछिल्ला वर्षहरूमा जासुसी आरोप, युक्रेन युद्धमा रुसप्रति चीनको समर्थन र हङकङमा स्वतन्त्रतामाथि लगाइएको नियन्त्रणका कारण तनावग्रस्त बनेको थियो । आठ वर्षपछि चीन भ्रमण गर्ने पहिलो बेलायती प्रधानमन्त्री स्टार्मर नै छन् ।

राष्ट्रपति सीले विगतका वर्षहरूमा सम्बन्धमा अवरोध आएको स्वीकार गर्दै वर्तमान जटिल अन्तर्राष्ट्रिय परिस्थितिमा शान्ति र स्थिरताका लागि वार्ता र सहकार्य सुदृढ गर्नुपर्ने धारणा व्यक्त गरे । उनले राष्ट्रिय सुरक्षा र मानवअधिकारसम्बन्धी चिन्ताबीच चीनसँग संवाद अघि बढाउन स्टार्मरले सामना गर्नुपरेको आलोचनालाई पनि संकेत गरे ।



प्रधानमन्त्री स्टार्मरले चीनसँग कूटनीतिक संवाद र आर्थिक सहकार्य कायम राख्दै राष्ट्रिय सुरक्षाको रक्षा गर्ने नीति अपनाएको स्पष्ट पारे । उनले सरकारमा आएपछि बेलायतलाई अन्तर्राष्ट्रियरूपमा पुनः सक्रिय बनाउने वाचा गरेको स्मरण गराउँदै विदेशमा हुने घटनाले घरेलु अर्थतन्त्र र जनजीवनमा प्रत्यक्ष प्रभाव पार्ने उल्लेख गरे । आर्थिक वृद्धि र जीवनयापन लागतको दबाब सामना गरिरहेको बेलायती सरकारले चीनमा व्यापारिक अवसर विस्तार गर्न खोजेको छ । यसै क्रममा स्टार्मरको भ्रमणमा ५० भन्दा बढी शीर्ष व्यापारीहरू सहभागी भएका छन् ।

ट्रम्पको नेतृत्वमा विश्वव्यापी व्यापारमा आएको अवरोधका कारण धेरै मुलुक नयाँ साझेदारी खोज्न सक्रिय बनेका छन् । यसै सन्दर्भमा स्टार्मर दक्षिण कोरिया, क्यानाडा र फिनल्याण्डपछि यस महिना बेइजिङ भ्रमण गर्ने चौथो अमेरिकी सहयोगी देशका नेता छन् । उनले बिहीबार चीनको राष्ट्रिय जन कांग्रेसका अध्यक्ष झाओ लेजीसँग पनि भेट गरेका छन् । दुवै देशले विभिन्न सम्झौतामा हस्ताक्षर गर्ने अपेक्षा गरिएको छ । *रासस/एपी*

# निर्वासनबाट हसिनाद्वारा बंगलादेशी चुनावको आलोचना

**ढाका–** बंगलादेशकी बहिस्कृत पूर्वप्रधानमन्त्री शेख हसिनाले भारतमा रहेको आफ्नो निर्वासनबाट देशमा हुन लागेको आमनिर्वाचनको कडा आलोचना गरेकी छन् । आफ्नो दल अवामी लिगलाई चुनावबाट प्रतिबन्ध लगाएपछि आगामी निर्वाचन समावेशी, स्वतन्त्र र निष्पक्ष हुन नसक्ने उनको भनाइ छ ।

सन् २०२४ मा विद्यार्थी आन्दोलनमाथि गरिएको दमनका कारण अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाइएकी हसिनाले गत हप्ता एसोसिएटेड प्रेसलाई इमेलमार्फत प्रतिक्रिया दिँदै समावेशी चुनाव नहुँदा बंगलादेश लामो समयसम्म राजनीतिक अस्थिरतामा फस्ने चेतावनी दिएकी थिइन् ।

नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले जानाजानी पूर्वसत्तारूढ अवामी लिगलाई चुनाव प्रक्रियाबाट बाहिर राखेर लाखौं समर्थकलाई मताधिकारबाट वञ्चित गरेको हसिनाको दाबी छ । उनका अनुसार ठूलो जनसमूहलाई राजनीतिक सहभागिताबाट हटाउँदा असन्तुष्टि गहिरिन्छ, संस्थाहरू कमजोर बन्छन् र भविष्यमा थप अस्थिरताको आधार तयार हुन्छ ।



हसिनाले बहिस्करणबाट बनेको सरकारले विभाजित राष्ट्रलाई एकताबद्ध गर्न नसक्ने स्पष्ट गरेकी छन् । फेब्रुअरी १२ मा हुने निर्वाचनमा करिब १२ करोड ७० लाख मतदाता सहभागी हुन योग्य रहेका छन् । दशकौंयताकै सबैभन्दा महत्त्वपूर्ण मानिएको यो निर्वाचन सामूहिक विद्रोहपछि हसिना सत्ताबाट हटेपछि पहिलोपटक हुन लागेको हो । अन्तरिम प्रशासनले निर्वाचनको निगरानी गरिरहेको छ भने मतदाताले प्रस्तावित संवैधानिक सुधारसम्बन्धी जनमतसंग्रहमा पनि मत दिने छन् ।

अगस्ट ५, २०२४ मा हिंसात्मक आन्दोलनपछि हसिना भारत भागेको तीन दिनपछि युनुसले बंगलादेश फर्किएर पदभार सम्हालेका थिए । उनले स्वतन्त्र र निष्पक्ष चुनावको प्रतिबद्धता जनाएका छन् । तर आलोचकहरूले अवामी लिगमाथिको प्रतिबन्धका कारण निर्वाचन साँच्चै समावेशी हुन्छ कि हुँदैन भन्ने प्रश्न उठाएका छन् ।

सुरक्षाको अवस्था र जनमतसंग्रहले संविधानमा ठूलो परिवर्तन ल्याउने सम्भावनाप्रति पनि चिन्ता व्यक्त गरिएको छ । युनुसको कार्यालयले सुरक्षा बलले निष्पक्ष निर्वाचन सुनिश्चित गर्ने र हिंसामार्फत नतिजा प्रभावित हुन नदिने बताएको छ । अन्तर्राष्ट्रिय पर्यवेक्षक र मानवअधिकार संस्थाहरूलाई पनि अनुगमनका लागि आमन्त्रण गरिएको छ ।

हसिनाको निष्कासनपछि मानवअधिकार, अल्पसंख्यकको सुरक्षा र प्रेस स्वतन्त्रताका विषयमा बंगलादेशमा चिन्ता बढेको छ । इस्लामवादी समूहहरूको प्रभाव बढ्दै गएको र विशेषगरी हिन्दू समुदायमाथि आक्रमण भएको आरोप पनि उठेका छन् ।

यसैबीच, तारिक रहमानको नेतृत्वमा रहेको बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) प्रमुख प्रतिस्पर्धीका रूपमा देखिएको छ । रहमानले देशको स्थिरताका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

एपीलाई पठाएको इमेलमा हसिनाले राजनीतिक प्रतिबन्ध र बहिस्कारको चक्र अन्त्य गर्नुपर्ने बताउँदै जनताको वास्तविक सहमतिमा आधारित वैध सरकार आवश्यक रहेको धारणा राखेका छन् । उनका अनुसार राष्ट्रले आफ्नो घाउ निको पार्ने सबैभन्दा सही बाटो यही हो । *रासस/एपी*

# इण्डोनेसियामा शरिया उल्लंघनमा दम्पतीलाई सार्वजनिक रूपमा १४० पटक लाठी प्रहार

**बन्दा आचेह (इण्डोनेसिया)–** इण्डोनेसियाको आचेह प्रान्तमा शरिया प्रहरीले विवाहबाहिर यौन सम्बन्ध राखेको र मदिरा सेवन गरेको आरोपमा एक दम्पतीलाई प्रत्येकलाई १४० पटक लाठी प्रहार गरेको छ । यो सम्भवतः शरिया लागू भएको गहिरो रूढिवादी क्षेत्रमा दिइएको सबैभन्दा कडा सजायहरूमध्ये एक हो ।

आचेह प्रान्तमा अविवाहित जोडीबीचको यौनसम्बन्ध कडाइका साथ गैरकानुनी छ । घटनास्थलमा उपस्थित एएफपीका रिपोर्टरका अनुसार सार्वजनिक पार्कमा दर्जनौं दर्शकको अगाडि पुरुष र महिलाको पिठ्युँमा बेतको लाठीले प्रहार गरिएको थियो । महिला बेहोस भएपछि उनलाई एम्बुलेन्समा लगिएको थियो ।

शरिया प्रहरीले बन्दा आचेहका प्रमुख मुहम्मद रिजालका अनुसार विवाहबाहिरको यौनसम्बन्धका लागि १०० र मदिरा सेवनका लागि ४० गरी कूल १४० पटक प्रहार गरिएको थियो । सन् २००१ मा आचेहलाई विशेष स्वायत्तता दिइएको र शरिया लागू भएदेखि यो सबैभन्दा ठूलो कोर्राको सजायमध्ये एक मानिन्छ । यो दम्पती ती मध्येका थिए, जसलाई इस्लामिक कोड उल्लंघन गरेको आरोपमा निजी स्थानमा समातिएको थियो । दम्पती प्रत्येकले २३ स्ट्राइक पाएका थिए । रिजालले भने, 'प्रतिज्ञाअनुसार हामी कुनै अपवाद गर्दैनौं, विशेषगरी आफ्नै सदस्यहरूका लागि होइन । यसले निश्चितरूपमा हाम्रो नामलाई कलंकित गर्छ ।'



आचेहमा जुवा खेल्ने, मदिरा सेवन गर्ने, समलिंगी यौन सम्बन्ध राख्ने र विवाहबाहिर यौन सम्बन्ध राख्नेजस्ता अपराधहरूमा कडा सजाय दिइन्छ । गत वर्ष शरिया अदालतले यौन सम्बन्धमा दोषी ठहरिएका दुई पुरुषलाई सार्वजनिकरूपमा ७६ पटक कोर्रा प्रहार गरेको थियो । *रासस/एएफपी*

# म्यान्मा घोटाला प्रकरणमा चीनद्वारा ११ जनालाई मृत्युदण्ड

**बेइजिङ–** चीनले बिहीबार दूरसञ्चार ठगी घोटालामा संलग्न 'प्रमुख सदस्यहरू' सहित म्यान्मास्थित आपराधिक गिरोहसँग सम्बन्धित ११ जनालाई मृत्युदण्ड दिएको सरकारी सञ्चारमाध्यमले जनाएको छ ।

अर्बौं डलरबराबरको अवैध कारोबारसँग जोडिएको यो ठगी उद्योग म्यान्माका कानुनविहीन सीमावर्ती क्षेत्रमा फस्टाउँदै आएको बताइएको छ । ती क्षेत्रमा सञ्चालन भइरहेका धोखाधडी केन्द्रहरूमा सामान्यतया विदेशी नागरिकहरूलाई कर्मचारीका रूपमा राखिएको पाइन्छ, जसमा धेरै चिनियाँ नागरिक पनि रहेका छन् । तीमध्ये धेरैले आफूहरूलाई जबर्जस्ती तस्करी गरेर त्यहाँ पुर्‍याइएको र अनलाइन ठगी गर्न बाध्य पारिएको बताएका छन् ।

बेइजिङले पछिल्ला वर्षहरूमा यस्ता ठगी केन्द्रहरूविरुद्ध कारबाही तीव्र पार्दै दक्षिणपूर्वी एसियाली राष्ट्रहरूसँग सहकार्य बढाएको छ । यस अभियानअन्तर्गत हजारौं मानिसलाई चीन फिर्ता पठाइएको छ ।

बिहीबार मृत्युदण्ड दिइएका ११ जनालाई गत सेप्टेम्बरमा पूर्वी चिनियाँ सहर वेनझोउको अदालतले मृत्युदण्डको सजाय सुनाएको थियो । सरकारी समाचार संस्था सिन्ह्वाका अनुसार सो सजायलाई अदालतले कार्यान्वयनमासमेत ल्याएको हो । मृत्युदण्ड दिइएका व्यक्तिहरूमाथि जानाजानी हत्या, गम्भीर चोट पुर्‍याउने, गैरकानुनी हिरासत, ठगी तथा अवैध क्यासिनो सञ्चालनजस्ता गम्भीर अपराधमा संलग्न भएको अभियोग पुष्टि भएको बताइएको छ । बेइजिङस्थित सर्वोच्च जन अदालतले उक्त मृत्युदण्डको सजायलाई अनुमोदन गरेको थियो । अदालतका अनुसार सन् २०१५ देखि गरिएका अपराधसम्बन्धी प्रमाणहरू निर्णायक र पर्याप्त रहेका थिए । *रासस/एएफपी*

# इरानको क्रान्तिकारी गार्डमाथि प्रतिबन्ध लागू गर्ने तयारीमा इयू

**ब्रसेल्स–** राष्ट्रव्यापी विरोध प्रदर्शनमा तेहरानको दमनमा इरानको अर्धसैनिक क्रान्तिकारी गार्डमाथि प्रतिबन्ध लगाउन युरोपेली संघ (इयू) तयारी अवस्थामा देखिन्छ । यसले इस्लामिक गणतन्त्रमा थप दबाब दिएको छ र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सम्भावित सैन्य आक्रमणको खतरालाई पनि बढाएको छ ।

अमेरिकाले युएसएस अब्राहम लिंकन र अन्य निर्देशित मिसाइल विध्वंसकहरू मध्यपूर्वमा पठाएको छ । इरानले पनि प्रतिघातको चेतावनी दिएको छ, जसले अमेरिकी सैन्य आधार र इजरायलसहित क्षेत्रीय लक्ष्यहरूलाई जोखिममा पार्न सक्छ । विरोध प्रदर्शनमा कम्तीमा छ हजार ३७३ जनाको मृत्यु भएको बताइएको छ ।

इयूका शीर्ष कूटनीतिज्ञ काजा कालासले प्रतिबन्धको 'सम्भावना' रहेको बताए । उनले भने, 'यदि तपाईं आतंककारीका रूपमा कार्य गर्नुहुन्छ भने तपाईंलाई आतंककारीका रूपमा पनि व्यवहार गर्नुपर्छ ।' इरानले यसबारे तत्काल टिप्पणी गरेको छैन, तर यसअघि युरोपको आलोचना गरिसकेको छ ।

इयूमा प्रतिबन्ध लागू गर्न ब्लकका २७ राष्ट्रमा सर्वसम्मति आवश्यक छ । फ्रान्सले गार्डलाई आतंककारी सूचीमा राख्ने प्रस्तावलाई समर्थन गरेको छ र फ्रान्सेली विदेशमन्त्री जिन-नोएल बारोटले भने, 'इरानमा गरिएका अपराधका लागि कुनै दण्डमुक्ति हुन सक्दैन ।' क्रान्तिकारी गार्ड सन् १९७९ को इस्लामिक क्रान्तिबाट स्थापना भएको थियो र त्यसयता देशको शिया धर्मगुरु-प्रधान शासनको सुरक्षा गर्दै आएको छ । यसले प्रदर्शन रोक्न बासिज बलमार्फत जनवरी ८ देखि इन्टरनेट बन्द गरी व्यापक दमन गरेको थियो ।

इरानी पुरुषहरूले १८ वर्षपछि दुई वर्षसम्म सैन्य सेवा गर्नुपर्छ र धेरैले राजनीतिक दबाबका बाबजुद गार्डमा भर्ती हुने गर्छन् । मानवअधिकार समूहका अनुसार कम्तीमा छ हजार ३७३ जनाको मृत्यु भएको छ, जसमा पाँच हजार ९९३ प्रदर्शनकारी, २१४ सुरक्षा बल, ११३ बालबालिका र ५३ सर्वसाधारण रहेका छन् । ४२ हजार ४५० भन्दा बढी पक्राउ परेका छन् । सरकारको आफ्नै तथ्यांकअनुसार जनवरी २१ सम्म मृत्यु हुनेको संख्या तीन हजार ११७ पुगेको थियो ।यो मृत्युको संख्या दशकौंमा इरानमा भएका कुनै पनि विरोध प्रदर्शनभन्दा बढी हो र यसलाई सन् १९७९ को इस्लामिक क्रान्तिसँग तुलना गरिन्छ । *रासस/एपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३३९३०० | प्रति तोला – ० | प्रति तोला – ७५०५ |



**माछापुच्छ्रे हिमश्रृंखला** | कास्कीको अन्नपूर्ण गाउँपालिका–१ नागडाँडाबाट बिहीबार बिहान देखिएको माछापुच्छ्रे हिमश्रृंखला । यस वर्षको पहिलो हिउँदे वर्षापछि हिमाल खुलेको हो ।
*तस्बिर : राम थापा/रासस*

## 'निजी क्षेत्र बूढीगण्डकी आयोजनामा लगानी गर्न तयार'

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बूढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजना निर्माण तत्काल अगाडि बढाउन सम्बन्धित पक्षलाई आग्रह गरेका छन् ।

धादिङ उद्योग वाणिज्य संघले आयोजना गरेको १०औँ धादिङ महोत्सवको उद्घाटनमा अध्यक्ष ढकालले लामो समयदेखि चर्चामा रहेको १२०० मेगावाट क्षमताको बूढीगण्डकी जलाशाययुक्त जलविद्युत् आयोजना अगाडि बढाउनुपर्नेमा विशेष जोड दिए ।

त्यस अवसरमा उनले नेपालभरका उद्यमी, व्यवसायी तथा लगानीकर्ताको लगानीमा नेपाल डेभलपमेन्ट पब्लिक लिमिटेड (एनडिपी) कम्पनी स्थापना गरिएको र यस आयोजनामा स्रोतको कमी भएको भए निजी क्षेत्रकोतर्फबाट यस कम्पनीमार्फत लगानी गर्न आफूहरू तयार रहेको बताए ।

नेपालमा जलविद्युत् विकासको अपार सम्भावना रहेको बताउँदै अध्यक्ष ढकालले जलविद्युत्को विकाससँगै यहाँका खनिज, कृषि उत्पादन तथा अन्य व्यवसायको सम्भावनालाई पनि थप उजागर गर्न सहयोग पुग्ने बताएका छन् । अध्यक्ष ढकालले धादिङ जिल्लामा रहेका कुनै पनि सम्भावनाका क्षेत्रहरू जस्तै खनिज, कृषि तथा अन्य कुनै पनि उद्यम, व्यवसायमा लगानी गर्न एनडिपी तयार रहेकोसमेत उल्लेख गरे । उनले निजी क्षेत्रले कुनै पनि आयोजना तोकिएको समयमा, तोकिएको गुणस्तर र तोकिएकै बजेट/स्रोतमा सम्पन्न गर्ने गरेको बताए ।

'गत भदौको जेनजी आन्दोलनका क्रममा निजी क्षेत्रका धेरै उद्योग, कलकारखाना, होटल तथा व्यावसायिक प्रतिष्ठानमा आगजनी र क्षति भएको अवस्था थियो । तर, निजी क्षेत्रका धेरैजसोले अहिले ती व्यवसाय मर्मत, सम्भार र पुनःनिर्माण गर्दै सञ्चालनमा ल्याइसकेका छौँ । निजीक्षेत्र कुनै पनि आयोजना तोकिएका समयमा, तोकिएको गुणस्तर र तोकिएकै बजेट/स्रोतमा सम्पन्न गर्ने गरेका छौँ', उनले भने ।

उनले निजी क्षेत्रमाथि भएका धरपकड र निजी व्यवसायमाथि गरिएको प्रहारले निजी क्षेत्र भयभित भएको बनाए । 'निजी क्षेत्रले उत्पादन गरेको छ । पूर्वाधार निर्माण गरेको छ । सेवा दिएको छ । रोजगारी सृजना गरेको छ । राजस्व तिरेको छ । तर, यो निजीक्षेत्र किन सधैँ उपक्षित भएको छ', उनले प्रश्न गरेका छन् ।

## नेपालमा कोरियाली लगानी भित्र्याउनु प्राथमिकता : राजदूत तुम्बाहाम्फे

■ प्रभाव संवाददाता

**काठमाडौं –** दक्षिण कोरियाका लागि नेपाली राजदूत डा शिवमाया तुम्बाहाम्फेसँग दक्षिण कोरियाको ग्वाङ्जुमा अवस्थित नेपालका अवैतनिक वाणिज्यदूत सुन-ह्युन जिओनले शिष्टाचार भेट गरेका छन् ।

नेपाली राजदूतावास, सउलमा सम्पन्न उक्त भेटमा नेपाल-कोरियाबीचको कूटनीतिक सम्बन्ध, आपसी सहकार्य तथा आर्थिक साझेदारीका विविध पक्षमा विस्तृत र अर्थपूर्ण छलफल भएको त्यहाँस्थित दूतावासले जनाएको छ ।

भेटमा राजदूत तुम्बाहाम्फेले नेपालमा कोरियाली लगानी भित्र्याउनु दूतावासको प्रमुख प्राथमिकता रहेको उल्लेख गरेका थिए । उनले नेपाली उत्पादनलाई कोरियाली बजारमा प्रवर्द्धन गर्ने प्रशस्त सम्भावना रहेको, हाल नेपाल लगानीयोग्य मुलुकका रूपमा अघि बढिरहेको र सरकारले लगानीमैत्री वातावरण सृजना गर्न नीतिगत तथा प्रक्रियागत सुधारलाई सरल र सहज बनाइरहेको हुँदा यी विषयहरू आफ्नो कन्सुलर क्षेत्रभित्रका सम्भावित लगानीकर्तालाई अवगत गराउन आग्रह गरे ।

छलफलका क्रममा दक्षिण कोरियामा रहेका नेपाली विद्यार्थी तथा श्रमिकहरूले भोगिरहेका समस्या र तिनको समाधानका उपायबारे पनि गहन छलफल भएको थियो ।

विशेषगरी ग्वाङ्जु क्षेत्रमा रहेका नेपाली विद्यार्थीका लागि बीमालगायतका सामाजिक सुरक्षासम्बन्धी सेवाहरू कसरी अझ सहज, सरल, किफायती र पहुँचयोग्य बनाउन सकिन्छ भन्ने विषयमा राजदूत तुम्बाहाम्फेले अवैतनिक वाणिज्यदूतसँग समन्वय तथा सहकार्य गर्न आग्रह गरेका थिए ।

साथै, कोरियामा कार्यरत नेपाली श्रमिकहरूको हकहित संरक्षण तथा समस्या समाधानमा राजदूतावास र अवैतनिक वाणिज्यदूतबीचको सहकार्यलाई अझ प्रभावकारी बनाउने विषयमा समेत छलफल भएको जनाइएको छ ।

भेटका क्रममा राजदूतावासले निकट भविष्यमा ग्वाङ्जु क्षेत्रमा बृहत् लगानी सम्मेलन आयोजना गर्ने सोच राखेको र सोका लागि सम्भाव्य लगानीकर्ताहरूको पहिचान र पहल गर्न राजदूत तुम्बाहाङ्फेले अवैतनिक वाणिज्यदूतलाई आग्रह गरे ।

सोही अवसरमा अवैतनिक वाणिज्यदूत सुन-ह्युन जिओनले ग्वाङ्जु क्षेत्रमा हालसम्म आफूले सम्पन्न गरेका गतिविधि, आफ्नो कार्यप्रगति तथा आगामी दिनमा नेपाल-कोरिया सम्बन्धलाई थप सुदृढ बनाउने योजना र पहलहरूबारे राजदूतलाई अवगत गराए ।

नेपालप्रति विशेष आत्मीयता राख्ने अवैतनिक वाणिज्यदूत सुन-ह्युन जिओन आफूलाई 'नेपालको छोरा' भन्न रुचाउँछन् । उनले हालसम्म २१ पटक नेपाल भ्रमण गरिसकेका छन् । सन् २०१५ को भूकम्पका बेला पहिलो कोरियाली राहत टोलीको नेतृत्व गर्दै नेपाल पुगेका जिओनले कोरियाली चिकित्सकसहितको ठूलो टोली लिएर नेपालको उक्त विपद्को घडीमा उल्लेखनीय सहयोग पुर्‍याएका थिए । उनको यस योगदानले नेपाल-कोरियाबीचको जनस्तरीय सम्बन्धलाई थप बलियो बनाएको विश्वास व्यक्त गरिएको छ ।

## कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण लाइन निर्माण सम्पन्न

■ प्रभाव संवाददाता

**कर्णाली–** नेपाल विद्युत् प्राधिकरण कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण लाइनको निर्माणकार्य सम्पन्न भएको छ । नेपाल सरकार र नेपाल विद्युत् प्राधिकरणको संयुक्त लगानीमा निर्माणाधीन कोहलपुर-सुर्खेत-दैलेख १३२ केभी प्रसारण लाइन आयोजनाअन्तर्गत कोहलपुर-सुर्खेत खण्डको निर्माणकार्य सम्पन्न भएको हो ।

उक्त सम्पन्न प्रसारण लाइन तत्कालै राष्ट्रिय प्रणालीमा समाहित गरिने कोहलपुर-सुर्खेत-दैलेख १३२ केभी प्रसारण लाइन आयोजना नेपाल विद्युत् प्राधिकरण कर्णाली प्रादेशिक प्रमुख शशीभूषण शाहले जानकारी दिए । सो प्रसारण लाइन राष्ट्रिय प्रणालीमा समाहित गर्नका लागि बाँकेको कोहलपुर सवस्टेशनदेखि सुर्खेतको सुब्बाकुनामा निर्माण भएको सवस्टेशनसम्म १३२ केभी डबल सर्किट प्रसारण लाइनबाट १३२ किलोभोल्ट क्षमताको विद्युत प्रवाह गरी यही माघ १६ गतेदेखि परीक्षण गरिने उनले बताए । उनका अनुसार बाँके, बर्दिया र सुर्खेत रुटमा परीक्षणपश्चात् प्रसारण लाइन सञ्चालनमा ल्याइनेछ ।

प्राधिकरणले प्रसारण लाइनका टावरमा नचढ्न, कुनै पनि वस्तुले नछुन, टावर वरिपरी नजान, गाईवस्तुलाई टावर नजिक जान नदिन, खतराका संकेत देखाइएका विद्युत्का संरचनालाई नछुन र बालबालिकालाईसमेत टावर नछुन तथा नजिक जान नदिन सचेत गर्न अनुरोध गरेको छ । साथै परीक्षणको क्रममा कुनै ठाउँमा भिल्का आएमा वा खतरा देखिएमा प्राधिकरण वा नजिकैको प्रहरीमा जानकारी दिनसमेत आग्रह गरिएको छ ।

## ग्लोबल आइएमई बैंकको 'ग्लोबल स्मार्ट प्लस' एपमार्फत आईपीओ भर्ने सुविधा




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्ना ग्राहकहरूलाई ग्लोबल स्मार्ट प्लस मोबाइल बैंकिङ एपमार्फत आईपीओ भर्ने सुविधा उपलब्ध गराएको छ । अब बैंकका मोबाइल बैंकिंग एप प्रयोगकर्ताहरूले कुनै पनि आईपीओ आवेदन प्रक्रिया ग्लोबल स्मार्ट प्लस एपबाटै सजिलै सम्पन्न गर्न सक्नेछन् ।

ग्लोबल स्मार्ट प्लस प्रयोगकर्ताहरूले आईपीओ म्यानेजमेण्ट सेक्सनमा गई आफ्नो डिम्याट नम्बर प्रविष्ट गरेपछि, ग्राहकलाई तुरुन्तै सिआरएन नम्बर प्राप्त हुनेछ । त्यसपछि, ग्राहकहरूले आईपीओहरू खुला हुने समयमा एपमार्फतै आवेदन दिन सक्नेछन् ।

साथै, ग्लोबल स्मार्ट प्लस प्रयोगकर्ताहरूलाई यस एपको माध्यमबाट कुनै पनि कम्पनीको आईपीओ खुल्ला हुनेबारे जानकारी पनि प्राप्त हुनेछ । यस सेवाले ग्राहकलाई आईपीओ आवेदन प्रक्रियामा अन्य माध्यम प्रयोग गर्न नपर्ने तथा अत्याधिक सहजता र समयको बचत गर्ने सुविधा उपलब्ध गराएको छ ।

ग्लोबल आइएमई बैंक ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ । बैंकले बैंक अफ द इयर २०१४, बेष्ट इन्टरनेट बैंक २०१६, बेष्ट बैंक नेपाल २०२४ र २०२५, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेष्ट बैंक ईएसजी नेपाल २०२४, बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित अवार्डहरू प्राप्त गरिसकेको छ ।

## म्याग्दीको लुलाङमा एक सातादेखि विद्युत सेवा अवरूद्ध

■ प्रभाव संवाददाता

**म्याग्दी–** म्याग्दीको धवलागिरी गाउँपालिका-२ लुलाङ एक हप्तादेखि विद्युत सेवा अवरुद्ध भएको छ । दरखोला दोस्रो लघुजलविद्युत परियोजनाको विद्युतगृहका उपकरणमा प्राबिधिक समस्या आएपछि लुलाङ, लमसुङ, खोरीया, मरेनी टोलका बासिन्दा विद्युत सुविधाबाट वञ्जित भएका हुन् । लुलाङ आधारभूत विद्यालयका शिक्षक दर्पण रोकाले विद्युत अभावमा रातका समयमा उज्यालो बनाउन, घरायसी काम, विद्यार्थीहरूलाई पठनपाठन र वडा कार्यालयको सेवा प्रवाहमा समस्या भएको गुनासो गरेका छन् ।

मोवाइल चार्ज गर्न नपाएर सञ्चार सेवा प्रभावित बनेको छ । साविक लुलाङ गाविसमा तीन सय ७० घरपरिवारले परियोजनाको विद्युत उपभोग गर्दै आएका छन् । गत जेठ महिनामा लुलाङमा केन्द्रिय प्रशारण लाइनको विद्युत सुविधा पुगेको थियो । लघुजलविद्युतको विद्युत भएकाले स्थानीयबासीहरूले घरमा मिटरबक्स जडान र वायरीङ गर्न बेवास्ता गरेका थिए । केन्द्रिय लाइनको विद्युत पुगिसकेकाले लघुजलविद्युत परियोजना मर्मत गर्न सरकारको आर्थिक कार्यबिधीले नदिने भएकाले नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरेर मिटरबक्स जडान गरि विद्युत विस्तारमा पहल गरिएको धवलागिरी गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बताए ।

दरखोला लघुजलविद्युत परियोजनामा पटक-पटक समस्या आउन आउने भएकाले विद्युतको दिर्घकालिन समस्या समाधानका लागि केन्द्रिय प्रशारण लाइनको विद्युत जोड्न प्राथमिकता दिएको उपाध्यक्ष पुनले बताए । गत जेठमै केन्द्रिय लाइन पुगेपनि खोरिया स्थित नेपाल टेलिकमको मोवाइल टावर सञ्चालन बाहेकको काममा प्रयोग भएको थिएन ।

सहिदप्रति सम्मान गरौं

- सहिद राष्ट्रिय गौरव हुन् ।
- सहिदको बलिदान र योगदानको स्मरण गरौं ।
- सहिदप्रति सम्मान र समर्पण व्यक्त गरौं ।
- सहिदको सपना पूरा गर्न इमान्दार नागरिकको भूमिका निर्वाह गरौं ।
- देश प्रेम र एकताको भावना जागृत गराऔं ।
- सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौं ।

सहिदको सपना साकार गरौं,
देश विकासमा सबै नेपाली जुटौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ